# हरिनगर गाँउपालिका

## हरिनगरा, सुनसरी

## कोशी प्रदेश, नेपाल

# हरिनगर गाउँपालिकाको २१ औं गाउँ सभा अधिवेशन

२०८३ साल आषाढ ०९ गते मंगलवारका

दिन उपाध्यक्ष रिमझिम कुमारी भगतले प्रस्तुत गर्नु भएको

आ. व. २०८३/०८४ को नीति तथा कार्यक्रम र वार्षिक वजेट

आदरणीय गाउँ सभा अध्यक्ष ज्यू,
प्रमुख अतिथिज्यू
विशिष्ट अतिथिज्यू
प्रमुख प्रशासकीय अधिकृत ज्यू ,
७ वटै वडाका वडा अध्यक्ष ज्यूहरु,
कार्यपालिका सदस्य ज्यूहरु,
यस गरिमामय सभामा उपस्थित गाउँ सभा सदस्य ज्यूहरु,
विषयगत शाखाका कर्मचारी ज्यूहरु,
स्वास्थ्य संस्थाका प्रमुख तथा स्वास्थ्यकर्मीज्यूहरु,
वडा सचिव ज्यूहरु,
सुरक्षाकर्मी ज्यूहरु,
पत्रकार तथा सञ्चार माध्यमका प्रतिनिधी ज्यूहरु,
प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा यस नीति तथा कार्यक्रम र बजेट बक्तब्य सुनि- हेरीरहनुभएका आम हरिनगरबासी आमा-बुबा, दाजु-भाई, दिदी-बहिनिहरु,

१. यस हरिनगर गाउँपालिकाको नियमित एकाइसौ गाउँसभा अधिवेशनमा आ.व. २०८३/०८४ को वार्षिक नीति,कार्यक्रम तथा वजेट समारोहमा उपस्थित सम्पूर्ण महानुभावहरु र देश विदेशमा रहनु भएका हरिनगर गाउँपालिकाका आम जनसमुदायहरु, यहाँहरु सबैलाई हार्दिक नमन सहित अभिवादन गर्दछु ।

२. यस सभा मार्फत प्रजातन्त्र तथा लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि सहादत प्राप्त गर्नु भएका महान सहिदहरु, मधेश आन्दोलन, जेन्जी आन्दोलन लगायत राष्ट्र निर्माणका निम्ति विभिन्न कालखण्डमा भएका आन्दोलनहरुमा आफ्नो प्राण आहुति गर्ने ज्ञात अज्ञात सम्पुर्ण सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै सो क्रममा भएका घाइते तथा बेपत्ता परिवार, अपाङ्गता भएका व्यक्तिहरु समेतलाई उच्च सम्मान व्यक्त गर्दछु।

३. “समुन्नत हरिनगरको आधार : शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार” भन्ने यस गाउँपालिकाको दीर्घकालीन सोचलाई सफल पार्नका लागि गुणस्तरीय शिक्षाको सम्बर्धन तथा प्रवर्द्धन, कृषिको आधुनिकिकरण तथा व्यवसायीकरण, पर्यटकीय क्षेत्रको विकास तथा विस्तार, दिगो पूर्वाधार तथा सामाजिक पुँजीको निर्माण मार्फत समतामूलक, स्वच्छ, सुशासनयुक्त र समुन्नत गाउँपालिकाको आधार निर्माण गर्ने गाउँपालिकाको लक्ष्य सहित आगामी आ.व. २०८३/०८४ को वार्षिक नीति, कार्यक्रम र वार्षिक बजेट यस सम्मानित सभामा छलफल तथा स्विकृतिका लागि प्रस्तुत गर्न गइरहेको छु ।

४. वर्तमान अवस्थामा अन्तराष्ट्रियस्तरमा देखिएको आर्थिक मन्दी र सो का कारण मुलुकको अर्थतन्त्रमा देखिएको आर्थिक समस्या, बढदो मूल्यवृद्धि र यसबाट देखा परेका चुनौतिलाई मध्यनजरमा राखी नेपाल सरकार, प्रदेश सरकारबाट प्राप्त हुने अनुदानको घट्दो आकार र यस गाउँपालिकाको आन्तरिक आय समेतका आधारमा यस गाउँपालिकाका आम नागरिकहरुको विकास र समृद्धिको चाहनालाई हदैसम्म सम्वोधन गर्दै विकासमा पछि परेका समुदाय र क्षेत्र समेतलाई पहुँचमा पुर्याउने गरी आगामी आ.व. को बजेट तथा कार्यक्रम अघि सारेको छु ।

५. आ.व. २०८३/०८४ को लागि विकास योजना तर्जुमा गर्दा हामीले विश्वव्यापी रुपमा बढ्दै गएको मूल्य वृद्धि, समसामयिक आर्थिक तथा सामाजिक अवस्था, नेपालको संविधानको अनुसुचि ८ र ९ मा व्यवस्था गरिएका स्थानीय तहको एकल तथा साझा अधिकारको सूची, मौलिक हक, स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहले गर्नु पर्ने भनी निर्दिष्ट गरेका काम कर्तव्य र अधिकार, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन,

२०७४, स्थानीय तहमा बजेट तर्जूमा सम्वन्धी मार्गदर्शन, आर्थिक व्यवस्थापन तथा सम्पत्ती हस्तान्तरण सम्बन्धि निर्देशिका, संघीय तथा प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तिय नीतिहरु, नेपाल सरकारको चालु आवधिक योजना समेतमा लेखिएका लक्ष्य, उद्देश्य तथा नीतिहरु, विद्यमान ऐन, नियमहरु, विकासका समसामयिक मुद्दाहरु, यस पालिकामा क्रियाशील राजनैतिक दल, यस क्षेत्रबाट निर्वाचित प्रतिनिधि सभाका माननिय सांसद तथा प्रदेश सभाका माननीय सदस्यज्यूहरुको सल्लाह सुझाव, साझेदार संघ संस्था, विद्वत वर्ग, नागरिक समाजको राय सुझाव तथा स्थानीय आवश्यकता समेतलाई प्रमुख आधारका रुपमा लिएको छु ।

**६.** यस गाउँपालिकाको विकासको अवस्था हेर्दा अवको हाम्रो विकासको गन्तव्य गाउँपालिकाको आर्थिक विकास र सामाजिक विकासमा विशेष जोड दिनु पर्ने विद्यमान अवस्था रहेकोले शिक्षा, स्वास्थ्य, कृषि, सहकारी क्षेत्रको सुधार, निजी क्षेत्रको सहभागिता गर्दै सिमित पूँजीको कुशल एवम् औचित्यपूर्ण परिचालनका माध्यमबाट हरेक घर परिवारको प्रत्यक्ष वा परोक्ष रुपमा आर्थिक समुन्नति गराउने गरी कार्यक्रम तथा आयोजनाहरु र विकासका क्रियाकलापहरु सञ्चालन गर्ने गराउने नीति अघि सारेको छु ।

**७.** यो बजेटले हरिनगर गाउँपालिकाका आम नागरिकहरुको आशा र इच्छालाई सम्वोधन गर्ने विश्वास लिएको छु । साथै स्थानीय सरकारको तर्फबाट जनताको भरोसा प्राप्त गरी लोकतन्त्रको जग बलियो बनाउने कार्यमा सघाउ पुग्नेछ भन्ने अपेक्षा गरेको छु ।

**८.** क्षेत्रगत बजेट विनियोजनका हिसाबले पूर्वाधार विकास, आर्थिक विकास, सामाजिक विकास, वन, वातावरण तथा विपद व्यवस्थापन र सुशासन तथा संस्थागत विकास समेत पाँच वटै क्षेत्रको विकासलाई समुचित सम्वोधन गर्ने प्रयास गरेको छु ।

**९.** विगत आठ वर्षदेखि नै हरिनगर गाउँपालिकाको वजेट वहुवर्षिय गौरवका आयोजनाहरुमा लगानी गरिएकोले ती सबै आयोजनाहरु एकपछि अर्को क्रमश: सबै आयोजनाहरुले सफलता प्राप्त गरी रहेको व्यहोरा यहाँहरु समक्ष स्पष्ट नै छ । हामीले यस पटक पनि यो बजेट तर्जुमा गर्दा अनावश्यक रुपमा बजेटलाई कनिकाका रुपमा छर्ने खालका आयोजना र क्रियाकलापहरुलाई निरुत्साहित गर्ने नीति कायमै राखिएको व्यहोरा समेत सभा समक्ष जानकारी गराउन चाहन्छु।

**आदरणीय सभाध्यक्ष ज्यू,**

अब म चालु आ.व. २०८२/०८३ को वार्षिक नीति, कार्यक्रम तथा बजेट कार्यान्वयनको वर्तमान अवस्थाका सन्दर्भमा संक्षिप्तमा समीक्षा गर्न चाहन्छु ।

**१०. पूर्वाधार विकास:** विगत आर्थिक वर्षसम्मको हाम्रो विकास प्रयासको मूल एजेण्डा नै यस गाउँपालिकाको पूर्वाधार विकासमा केन्द्रित रहेको र यस क्षेत्रमा हामीले उल्लेखनीय सफलता हासिल गरेको सबैले अनुभूत गर्नुभएकै होला । यो मुलुकमा संघीय शासन व्यवस्था लागू भएपछिको पहिलो स्थानीय तहको चुनावमा हामी निर्वाचित भएर आएपछि थालनी गरिएको सडक निर्माण कार्यहरुलाई पुन: दोश्रो कार्यकालका लागि २०७९ सालमा निर्वाचित भएर आउँदा विगत आ.व. २०७४।०७५ देखि संचालनमा रहेको यस गाउँपालिकाको गौरवका बहुवर्षीय सडक आयोजनाहरु क्रमागत रुपमा सञ्चालन भई आएकोमा चालु आ.व. २०८२/०८३ मा आइपुग्दा लगभग हामीले सोचेको लक्ष्य पूरा गर्ने चरणमा रहेका छौं । जसमा सडक पूर्वाधार तर्फ जम्मा ५५ कि.मि. सडक कालोपत्रे गर्नेगरी ठेक्का लागेकोमा २०८३ साल जेष्ठ मसान्त सम्ममा ४३ कि.मि. सडक कालोपत्रे गर्ने कार्य र ८ वटा बक्स कल्भर्ट निर्माणको कार्य, ६ वटा स्ल्याभ कलभर्ट निर्माण, ४ वटा ट्रस तथा झोलुङ्गे पुल मध्ये १ वटा निर्माण सम्पन्न भई ३ वटा निर्माणाधिन अवस्थामा रहेको साथै हरेक वडाको केन्द्रबाट गाउँपालिकाको केन्द्रमा आइपुग्न घण्टौं समय लाग्ने अवस्थाबाट मुक्त भइ दश मिनेट भित्र गाउँपालिकाको केन्द्रमा आउन सक्ने सुविधा जनता सामु प्रदान गरी सकेको अवस्था छ भने ७ वटै वडामा

वडास्तरीय आयोजना अन्तर्गत साना सडक स्तरोन्नति तथा अन्य पुर्वाधार निर्माणका कार्य निरन्तर भइरहेको र गा.पा. अन्तर्गतका विभिन्न वडाहरुमा इदगाह, कब्रिस्तान, समसानघाट, मठ मन्दिर निर्माणका आयोजनाहरु सञ्चालन भई धार्मिक पूर्वाधारहरुको संरक्षण तथा सम्बर्द्धनका कार्य भइरहेको व्यहोरा समेत अवगत गराउँदछु।

**११.** पर्याप्त बजेट तथा स्रोत साधन नहुँदा नहुँदै पनि गाउँपालिकाको प्रशासकीय भवन, वर्थिङ सेन्टर सहितको पन्ध्र शैयाको आधारभूत अस्पताल भवन निर्माण आयोजनाहरु सञ्चालनमा रहेका र ती आयोजनाहरु आगामी आ.व. २०८२।०८३ भित्र सम्पन्न गर्ने लक्ष्यका साथ अगाडि बढाइएको छ।

**१२.** यस गाउँपालिका अन्तगर्तका ७ वटै वडाका वडा कार्यालयहरु आफ्नै पक्की भवनमा सञ्चालनमा रहेका छन् भने जनताका आधारभूत स्वास्थ्य सेवाको प्रत्याभूतिका लागि एक वडा एक स्वास्थ्य चौकी हुनु पर्ने नेपाल सरकारको नीति अनुरुप ६ वटा वडामा स्वास्थ्य संस्थाहरु आ-आफ्नै पक्की भवनमा सञ्चालनमा रहेका छन् भने चालु आ.व.२०८२।०८३ मा ७ नं वडामा समेत भाडाको घरमा आधारभूत स्वास्थ्य चौकी स्थापना गरी संचालनमा ल्याइएको र आगामी आर्थिक वर्षमा उक्त स्वास्थ्य संस्था संचालनका लागी आफ्नै भवन निर्माण गरी संचालनमा ल्याइने लक्ष्य लिइएको छ।

**१३.** सामुदायिक विद्यालय तर्फ ४४ वटा विद्यालयहरु रहेकामा अधिकाशं विद्यालयहरुको आफ्नै कक्षाकोठा भवन निर्माण भई पठनपाठन सञ्चालन भइरहेको अवस्था छ भने केही विद्यालयहरुको क्रमागतरुपमा कक्षाकोठा भवन निर्माण कार्य भइरहेको व्यहोरा जानकारी गराउन चाहन्छु। जसमा हरिनगरा मा.वि. नमुना विद्यालय भवन निर्माण लगायत जनता मा.वि.,गौतमपुर, श्री मा.वि.बसन्तपुर, बालकृष्ण मा.वि.,भुटाहा, श्री भगवती आ.वि., घुस्की लगायतमा सुविधा सम्पन्न विद्यालय भवन निर्माण भएको छ।साथै चालु आर्थिक आर्थिक वर्ष २०८२।०८३ मा बालमैत्री स्थानीय शासन कार्यक्रम अन्तर्गत वडा नं. ३ को आर्य आधारभूत विद्यालय गौतमपुर, वडा नं. ५ को सहिद गंगालाल आधारभूत विद्यालय र वडा नं. ७ को श्री घुस्कीहाट आधारभूत विद्यालयमा पानीको सुविधा सहितको शौचालय निर्माण कार्य यसै आर्थिक वर्षमा सम्पन्न हुने गरी निर्माण भइरहेको छ भने श्री मा.वि बसन्तपुरमा संघीय सरकार सशर्त अनुदान अन्तर्गत ४ कोठे विद्यालय भवन यसै आर्थिक वर्ष भित्र निर्माण सम्पन्न हुने कार्य भइरहेको व्यहोरा समेत अवगत गराउँदछु।

**१४.** खानेपानी तथा ढल निकास तर्फ जिल्लास्तरीय खानेपानी आयोजनाबाट हरिनगर गाउँपालिका वडा नं. ३ अन्तर्गत साविक गौतमपुर वडा नं. ६, ७, ८, ९ खानेपानी आयोजना, साविक गौतमपुर वडा नं. २, ३, ४ र ५ खानेपानी आयोजना, हरिनगर गाउँपालिका वडा नं. ४ अन्तर्गत हरिनगरा खानेपानी आयोजना र हरिनगर गाउँपालिका वडा नं. २ अन्तर्गत भुटाहा जामिया खानेपानी आयोजना समेत गरी ४ वटा आयोजनाहरु सञ्चालनमा रहेकोमा सो आयोजनाहरु क्रमागतरुपमा निर्माण कार्य भइरहेको हुँदा प्रदेश तथा जिल्लास्तरीय खानेपानी आयोजनाबाटै बजेट विनीयोजन नभएको कारण समयमै निर्माण कार्य सम्पन्न हुन नसकेकोले सिघ्र आयोजना सम्पन्नको लागि जिल्लास्तरीय खानेपानी तथा सरसफाई डिभिजन कार्यालयमा बजेट व्यबस्थापनको लागि ताकेता भइरहेको व्यहोरा अवगत गर्न चाहन्छु। साथै हरिनगर गाउँपालिकाको खानेपानी सरसफाई योजना (वासप्लान) संघीय सशर्त अनुदान अन्तर्गत चालु आर्थिक वर्षमै निर्माण गरी सक्ने गरी कार्य अन्तिम चरणमा पुगेको व्यहोरा समेत जानकारी गराउँदछु।

**१५.** विद्युत विकास तर्फ यस गाउँपालिकाको सबै वडाहरुमा विद्युतको पहुँच विस्तार भइसकेको र मुख्य बजार तथा सार्वजनिक स्थलका चोक हरुमा क्रमशः विद्युत पोल लाइट तथा सडक बत्ति व्यवस्था गर्दै लगिएको छ । साथै विद्युत आपूर्तीमा भोल्टेज कम हुने समस्यालाई समाधान गर्न विद्युत प्राधिकरणमा ट्रान्सफर्मर जडान र आपूर्ती पद्दती सुधारका लागि प्रयास गरिएको ब्यहोरा अवगत गर्न चाहान्छु।

१६. आर्थिक विकास अन्तर्गत कृषि विकास तर्फ चालु आ.व.मा ५०% अनुदानमा कृषकहरुलाई उन्नत गँहुको बिउ वितरण गरिएको, ५० प्रतिशत अनुदानमा कृषकहरुलाई मकैको बीउ वितर्ण गरीएको, कृषकहरुलाई आधुनिक कृषि खेती सम्बन्धि विभिन्न तालिमहरु प्रदान गरीएको, ५०% अनुदानमा कृषकहरुलाई बेमौसमी तरकारी बिउ वितरण, सत प्रतिशत अनुदानमा कृषकलाई मिनिकिट वितरण, ५०० भन्दा बढी कृषक परिवारलाई किसान सूचीकरण कार्यक्रममा सुचीकृत, तरकारी पकेट कार्यक्रमलाई निरन्तरता दिइएको, वडागत वस्तुस्थितिका आधारमा कृषि सामाग्रीबाट प्राप्त मलखाद वितरण गरिएको, कृषकहरुलाई समूहमा आवद्ध गराइ संस्थागत सञ्जालका माध्यमबाट सेवा प्रवाह गर्ने व्यवस्था अगाडि बढाइएको छ । नेपाल सरकारको भूउपयोग नीति अनुसार जग्गाको बर्गीकरण गरी भूउपयोग योजना समेत तर्जुमा गरी कार्यान्वियन भई रहेको र ७ वटै वडाको कृषि योग्य भुमिमा क्रमशः सिंचाई सुविधा विस्तार गर्न प्रदेश सरकार सशर्त अनुदान अन्तर्गत विभिन्न वडाका १४७ जना किसानहरुलाई ५० प्रतिशत अनुदानमा सिंचाईका लागी मोटर बोरिङ्ग कार्यक्रम संचालन भइरहेको व्यहोरा यस सभा समक्ष राख्न चाहन्छु ।

१७. पशु सेवा तर्फ चालु आ.व. मा गाई, भैँसी र बाख्रामा कृत्रिम गर्भाधान (AI) पद्धतिबाट उन्नत पशु नश्लको सुधार कार्य भएको छ, पशुहरुलाई मेडिकल तथा औषधि उपचार गरिएको छ, भने पशुलाई माइनर सर्जिकल उपचार समेत प्रदान गरिएको छ, यसैगरी पशुहरुमा गाइनोक्लोजिकल उपचार, पशुको गोवर परीक्षण गरिएको, पशुको पिसाब (गोत) परिक्षण, पशुको दुध परिक्षण कार्य गरिएको छ भने १२ हजार वटा गाई भैंसीलाई एफ. एम. डी. खोप तथा १५ हजार वटा भेंडा बाख्रालाई पि.पि.आर. खोप लगाइ अन्य नियमित कार्यक्रमहरु सञ्चालन गरी पशुपन्छी रोगको अन्वेषण, नमुना सङ्कलन तथा सम्वन्धित उपल्लो निकायमा प्रेषण गर्ने कार्य भएको र पशु सेवा विस्तार कार्य भएको व्यहोरा यस सभा समक्ष राख्न चाहन्छु ।

१८. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) मार्फत आर्थिक विकासका लागि नयाँ उद्यमी सिर्जना तर्फ वडा स्तरीय अभिमुखिकरण गोष्ठी चालू आ.व. मा २ पटक भएको, सहभागितामुलक ग्रामीण लेखाजोखा १ पटक गरिएको, १ नं. वडामा ११ जना महिलाहरुलाई सिलाइ कटाई सम्बन्धी एडभान्स तालिम संचालनमा रहेको र पुराना उद्यमी स्तरोन्नति कार्यक्रम संचालनमा रहेको, समूहलाई प्रविधि हस्तान्तरणका लागि समूहहरुको पहिचान भइ कार्य अगाडि बढेको र ३ नं. वडाका २८ जना नयाँ उद्यमी किसानहरुलाई बेमोसमी तरकारी तथा फलफुल उत्पादन सम्बन्धी सीप विकास तालिम सम्पन्न भइसकेको र लघु वित्तमा पहुँचको लागी वित्तीय साक्षरता कार्यक्रम तालिम संचालनको तयारी अन्तिम चरणमा रहेको व्यहोरा जानकारी गराउन चाहन्छु ।

१९. विपन्न दलित तथा सुकुम्बासीहरुका लागि सुरक्षित आवास व्यवस्था मिलाउन गाउँपालिका, ह्याविट्याट नेपाल र उपभोक्ताहरुको जनसहभागिता सहितको त्रिपक्षीय लगानीमा वडा नं. ४ को मैजी टोल मुसहर बस्तीमा २८ वटा पक्की घर निर्माण कार्य सम्पन्न भई विपन्न वर्गहरुलाई सुरक्षित आवास हस्तान्तरण गरिसकेको अवस्था छ ।

२०. फुसको छाना भएको विपन्न नागरिकहरुको घरमा टिनाको छाना सहितको सुरक्षित आवास भवन निर्माणको लागि विगत आर्थिक वर्ष देखि संचालित सुरक्षित नागरिक आवास भवन निर्माण अन्तर्गत सात वटै वडाको २५० घर मध्ये हाल सम्म ११६ जना घर परिवारहरुले घर निर्माण कार्य सम्पन्न गरी सकेको व्यहोरा अवगत गराउन चाहन्छु ।

२१. मुलुकको आर्थिक विकासका लागि नेपाल सरकारबाट शत प्रतिशत अनुदानबाट सञ्चालित राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत यस गाउँपालिकामा जम्मा सुचिकृत हुन आएका बेरोजगार व्यक्तिहरुको संख्या ७०३ जना रहेका छन् । न्यून बजेटको कारण चालु आर्थिक वर्षमा सूचीकृत बेरोजगारहरुलाई रोजगारी सृजनाका लागी आयोजना छनौट हुन नसकेको बैदेशिक रोजगारीबाट फर्किएका २० जना युवाहरुलाई उद्यमशीलता विकास तालिम प्रदान गरीएको ।

श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रम ७ वटै वडामा सम्पन्न भएको र २०८३ जेठ महिना सम्मको खर्चको विवरण EMIS मा प्रविष्टि गरिएको छ, त्यस्तै सुरक्षित आप्रवासन कार्यक्रम (SAMI) अन्तर्गत मनोसामाजिक परामर्श कार्यक्रम संचालन भइरहेको  व्यहोरा यस सभा समक्ष राख्न चाहन्छु ।

**२२.** आर्थिक विकासको एक मूल पक्षको रुपमा रहेको सहकारी बिकास कार्यक्रमलाई विगत आ.व. देखि व्यवस्थित गर्ने प्रयासको थालनी भएको छ । यस गा. पा. अन्तर्गत स्थापना भएका ३४ वटा सहकारी संस्थाहरु रहेको र यस मध्ये १४ वटा सहकारी संस्थाहरुले नियमित रुपमा वार्षिक साधारण सभा तथा लेखापरीक्षण कार्य सम्पन्न गरी सो को प्रतिवेदन गाउँपालिकामा बुझाउन लगाइ सहकारी व्यवस्थापनलाई व्यवस्थित बनाउने कार्य थालनी गरिएको छ । सहकारीहरुलाई सहकारी विभागको सहकारी तथा गरिबी व्यवस्थापन सूचना प्रणाली (COPOMIS) मा आवद्ध गराउँदै लगिएको छ । सहकारी सेवाका नाममा हुने गरेको अनियमिततालाई व्यवस्थित गर्ने र निष्कृय सहकारीहरुलाई सक्रिय बनाउने कार्य समेतको थालनी गरिएको, सहकारीका पदाधिकारी र कर्मचारीहरुलाई ४ दिने कोपोमिस तालिम प्रदान गरीएको व्यहोरा यस सभा समक्ष राख्न चाहन्छु ।

**२३.** विशेष अनुदान अन्तर्गत चालु आर्थिक वर्षमा बालमैत्री स्थानी शासन कार्यक्रम संचालन भइरहेकोमा सो अन्तर्गत सबै विद्यालयहरुमा बालक्लब गठन गरी दर्ता गरीएको, वडा तथा पालिकास्तरमा बाल भेला गरी वडा स्तरीय र पालिकास्तरीय बाल संजाल गठन गरीएको,  बाल भेला मार्फत बालबालिकाहरुको योजना संकलन गरीएको, बालबालिकाहरुको प्रोफायल  तथा स्थितिपत्र प्रकाशन गर्नका लागी  घरधुरी सर्भेक्षण कार्य सम्पन्न गरी बालबालिकाहरुको प्रोफायल तथा स्थितिपत्र प्रकाशन गर्ने कार्य अन्तिम चरणमा पुगेको, बालबालिकाहरुलाई विपद सम्बन्धी तालिम, बाल विकास केन्द्रका सम्पुर्ण सहयोगी कार्यकर्ताहरुलाई बालमैत्री शिक्षण विधि सम्बन्धि ५ दिने तालिम संचालन गरीएको, घटना दर्ता शिविर ७ वटै वडामा सम्पन्न गरिएको, बालबालिकाहरुमा हुने दुर्वयवहार न्यूनीकरण गर्न सडक नाटक,  इलाका प्रहरी कार्यालयमा बालमैत्री कक्ष स्थापना गर्ने कार्य सम्पन्न भइसकेको साथै २६ वटा विद्यालयका बाल विकास केन्द्रहरुमा स्मार्ट टेलिभिजन वितरण, बाल विकास केन्द्रहरुमा खेल सामाग्री वितरण, कार्पेट वितरण, विद्यालयहरुमा डस्टविन वितरण लगायतका कार्य यसै आर्थिक वर्षको आषाढ मसान्त भित्र सम्पन्न हुन गइरहेको साथै यसै बाल मैत्री स्थानीय शासन कार्यक्रम अन्तर्गत ३ वटा विद्यालयमा वाससहितको शौचालय निर्माण कार्य अन्तिम चरणमा पुगेको  व्यहोरा यस सभा समक्ष राख्न चाहन्छु ।

**२४.** नेपाल सरकारको एक गाउँपालिका एक आधारभूत अस्पताल नीति अनुरुप यस हरिनगर गाउँपालिकाको प्रस्तावित १५ शैयाको आधारभूत अस्पताल भवन निर्माण भइरहेकोले हरिनगर ४ मा रहेको प्राथमिक स्वास्थ्य केन्द्रमा हाल ५ शैयाको स्वास्थ्य उपचार सेवा सूचारु गरी  ३ जना एम.बि.बि. एस. डाक्टरको समेत प्रबन्ध गरी २४ सै घण्टा इमरजेन्सी सेवा संचालन गरिएको छ । यसै चालु आर्थिक वर्षमा कार्यपालिकाको निर्णय अनुसार सो प्राथमिक स्वास्थ्य केन्द्रलाई १५ शैयाको हरिनगर आधारभुत अस्पतालमा रुपान्तरण गरिएकोले सो अस्पताल सञ्चालनका लागि आवश्यक ऐन तथा कार्यविधि जारी गरिएको छ । आ.व. २०८२/०८३ मा हालसम्म प्राथमिक स्वास्थ्य केन्द्र हरिनगरा वर्थिङ सेन्टरबाट २१२ जना र घुस्की स्वास्थ्य चौकी वर्थिङ सेन्टरबाट २०५ जना सुरक्षित नवजात शिशुको जन्म भएको र मातृशिशु कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न थप कार्यक्रमहरु संचालन गरिएको छ ।

**२५.** आयुर्वेद सेवा कार्यक्रम अन्तर्गत आयुर्वेद औषधालय गौतमपुरबाट जेष्ठ नागरिकलाई रसायन, आयुर्वेद औषधी वितरण, स्वास्थ्य प्रवर्द्धन सेवा कार्यक्रम संचालनमा रहेको छ । स्तनपायी आमालाई दुग्धबर्धक औषधि वितरण, स्थानीय जनतालाई जडीबुटी परिचात्मक कार्यक्रम, आयुर्वेदको महत्वलाई उजागर गर्नका लागि राष्ट्रिय आरोग्य दिवस तथा

धनवन्तरी जयन्ती कार्यक्रम सम्पन्न गरिएको छ भने विद्यालयहरुमा आयुर्वेद शिक्षा संचालन भएको तथा औषधालयबाट नियमित उपचार सेवा प्रदान गरिएको व्यहोरा सभा समक्ष जानकारी गराउन चाहन्छु ।

**२६.** सामाजिक विकासको अभिन्न पक्ष शिक्षा विकास तर्फ गाउँपालिका अन्तर्गत सरकारी, सामुदायिक धार्मिक तथा निजी गरी ६६ वटा विद्यालयहरु र ७६ वटा बालविकास केन्द्रहरु संचालनमा रहेको, शैक्षिक सत्र २०८२ मा २ वटा नयाँ विद्यालय खोल्ने अनुमति प्रदान गरीएको, १६ वटा विद्यालयले कक्षा थपको अनुमति प्राप्त गरेको, त्यस्तै विद्यालय जनशक्ति तर्फ बाल बिकास केन्द्र तर्फ ७६ जना बाल बिकास सहयोगी , आधारभुत तह ( कक्षा १-५) तर्फ १११ जना शिक्षकहरु, आधारभुत तह (कक्षा ६-८) तर्फ २९ जना शिक्षकहरु, माध्यामिक तह (कक्षा ९-१०) तर्फ २९ जना शिक्षकहरु, माध्यामिक तह (कक्षा ११-१२) तर्फ ९ जना, प्राविधिक धार तर्फ १६ जना, विद्यालय कर्मचारी तर्फ लेखा हेर्ने ४ जना र विद्यालय सहयोगी २० जना सहित जम्मा २८० जना शिक्षक कर्मचारीहरु कार्यरत रहेका छन् । शैक्षिक सत्र २०८३ मा कक्षा १२ सम्ममा १७ हजार २ सय ३७ जना विद्यार्थी अध्ययनरत रहेको, ३१ वटा विद्यालयमा विद्यार्थीको लागि दिवा खाजा संचालनमा रहेको, ८०० विद्यार्थी आधारभूत तह उत्तीर्ण परीक्षा कक्षा ८ मा सामेल रहेको, कक्षा १ देखी ३ सम्मको पाठ्यक्रम प्रवोधिकरण तालिम संचालन भएको, गाउँपालिकाको शैक्षिक क्यालेण्डर २०८३ प्रकाशन भएको, शिक्षकको पेशागत विकासका लागि नवप्रवेशी शिक्षकलाई पेशागत सहयोग कार्यक्रम संचालनमा रहेको, आधारभुत तह कक्षा-८ को पालिकास्तरीय परीक्षा सञ्चालन कार्यलाई थप व्यवस्थित गर्दै लगिएको छ । राष्ट्रपति रनिङ शिल्ड खेलकुद कार्यक्रम तथा विद्यालय स्तरीय अध्यक्षकप खेलकुद प्रतियोगिता सञ्चालन गरी खेलकुदको प्रवर्द्धन गर्ने कार्य भएको छ । कम्प्युटर  शिक्षक मार्फत विद्यार्थीहरुलाई कम्प्युटर शिक्षा प्रदान गरिएको छ । मदरसा मकतबहरुमा उर्दु शिक्षकहरुको व्यवस्थापन गरी उर्दु भाषाको समेत सम्वर्द्धन गरिएको छ । यस गाउँपालिकामा सञ्चालनमा रहेका सम्पूर्ण सामुदायिक, धार्मिक तथा संस्थागत विद्यालयमा भएका बालबालिकाहरुलाई निशुल्क पाठ्यपुस्तक अनुदान प्रदान गर्ने आवश्यक कागजात पुरा गरिएको र केही विद्यालयमा पाठ्यपुस्तक विद्यार्थीले प्राप्त गरे नगरेको अनुगमन समेत गरीएको छ । यस पालिकाका ३१ ओटा विद्यालयमा इन्टरनेट जडान गरिएको छ । विद्यालयको आवश्यकताका आधारमा पटक-पटक IEMIS तालिम र क्षमता विकासका कार्यक्रम सञ्चालन गरिएको छ । कक्षा ८ को परीक्षा ३ वटा केन्द्र कायम गरी पालिका स्तरीय परीक्षा सञ्चालन तथा व्यवस्थापन गरिएको छ । पालिका स्तरीय अतिरिक्त कियाकलाप सञ्चालन गरी विद्यालयका बालबालिकाहरुको अन्तर्निहित प्रतिभा प्रष्फुटनमा सहयोग पुगेको छ । पालिका स्तरीय शैक्षिक क्यालेण्डर निर्माण गरि शिक्षण सिकाई, विद्यालय बिदा हुने समय र परीक्षा लगायतका कार्यलाई व्यवस्थित गरिएको छ । विद्यालयको अनुगमन र सिकाई उपलब्धी स्तर सुधारका लागि विज्ञ शिक्षकबाट कक्षा अवलोकन, पृष्ठपोषण र सुझाव प्रधान गरिएको छ । सामुदायिक र धार्मिक विद्यालयको कक्षा ६-१२ मा अध्ययनरत छात्रा किशोरीहरुका लागि सेनिटरी प्याडको व्यवस्था गरिएको छ । बालमैत्री स्थानीय शासन कार्यक्रम अन्तर्गत सबै विद्यालयका बालविकास केन्द्रहरुमा डस्टविन, शुद्ध खानेपानीका लागी फिल्टर वितरण गर्ने कार्य प्रारम्भ भएको, २६ वटा विद्यालयमा भएका बालविकास केन्द्रहरुमा स्मार्ट टेलिभिजन खरिद गरी जडान गर्ने कार्य भइरहेको, बाल कक्षामा कार्पेट, बाल टेबुल र बस्न चकटी खरिद गरी हस्तान्तरण भइरहेको,  हरिनगरा बहुमुखी कलेजमा अध्ययनरत हरिनगर गा.पा. क्षेत्रमा स्थायी बसोबास गर्ने ६७ जना  छात्राहरुलाई छात्रवृति प्रदान गर्ने कार्य अन्तिम चरणमा रहेको, साथै गाउँपालिका अन्तर्गतका हरिनगरा माध्यमिक विद्यालय र जामिअतुल इस्लाह अल इस्लामिया समेत २ वटा विद्यालयलाई स्कुल बस खरिदका लागी अनुदान उपलब्ध गराइ  विद्यालयबाट बस खरिद प्रक्रिया पुरा गरी बस प्राप्त गर्ने अन्तिम चरणको कार्य भइरहेको व्यहोरा सभा समक्ष जानकारी गराउन चाहन्छु ।

**२७.** सामाजिक विकास अन्तर्गत नागरिकलाई आधारभूत स्वास्थ्य सेवा सरल सहज ढंगले प्रवाह गर्नका लागि ७ वटै स्वास्थ्य संस्थामा कर्मचारी तथा आवश्यक औषधी र औषधिजन्य सामाग्रीहरु व्यवस्थापन गरी नियमित सेवा प्रवाह भैरहेको छ ।

जसका लागि ७ वटै वडाका सम्पूर्ण स्वास्थ्य संस्थामा गरेर स्वास्थ्य सेवाका आवश्यक स्वास्थ्यकर्मी तथा कर्मचारीहरु खटाइएको छ। त्यस्तै गाउँपालिकाका ७ वटै स्वास्थ्य संस्थामा चालु आ. ब. मा स्वास्थ्य सेवाका लागि ३१४७१ जना महिला र १९५४८ जना पुरुष गरेर कुल ५१०१९ जनाले सेवा लिएको देखिन्छ। त्यस्तै सबै स्वास्थ्य संस्था र गाउँघर क्लिनिक समेतबाट खोप सेवा लिनेको संख्या १०५२ जना रहेको जसमा HMIS प्रगती ९१% सम्म रहेको देखिन्छ। त्यसैगरी सबै स्वास्थ्य संस्थाहरुबाट परिवार नियोजन लिनेको संख्या १०,१३३ जना रहेको छ। त्यस्तै गाउँपालिकाको स्वास्थ्य शाखा मार्फत ७ वटै वडाका स्वास्थ्य संस्थाहरुको लागि आवश्यक पर्ने ९८ प्रकारका र आधारभुत अस्पताललाई आवश्यक पर्ने ९८ प्रकार भन्दा बाहेकका थप औषधीको खरिद गरी उपलब्ध गराईएको छ। स्वास्थ्यकर्मिको क्षमता अभिवृद्दिको लागि बिभिन्न किसिमका तालिमहरु सञ्चालन गरिनुका साथै स्वास्थ्य संस्थाहरुमा विभिन्न उपकरण खरिद गरी उपलब्ध गराइएको छ। नागरिकको स्वास्थ्य सेवामा पँहुच बृद्दीको लागि ७ वटै वडामा राष्टिय स्वास्थ्य कोषसँगको साझेदारीमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिनुका साथै महिला, बालबालिका, अपाङ्गता भएका ब्यक्ति,जेष्ठ नागरिक तथा विशेष हेरचाह आवश्यक पर्ने ब्यक्तिहरुको पोषण र स्वास्थ्य अवस्था सुधारका लागि विभिन्न शिविर सञ्चालन, सहायता तथा पोषण सामाग्रीको वितरण लगायतका कार्यक्रमहरु गरिएको छ।

२८. सामाजिक सुरक्षा तथा पञ्जिकरण सेवा तर्फ ७ वटै वडाको सामाजिक सुरक्षा भत्ता वितरण बैंकिङ्ग प्रणाली मार्फत वितरण गरी वास्तविक लाभग्राहीको हातमा रकम पुग्न सक्ने व्यवस्था मिलाइएको छ। चालु आ. व. को तेश्रो त्रैमासिक सम्ममा १७८१ जना ज्येष्ठ नागरिक, १४३ जना दलित ज्येष्ठ नागरिक, ४८९ जना विधवा, ३०८ जना ज्येष्ठ नागरिक एकल महिला, ३६३ जना दलित बालबालिका, ९३ जना पुर्ण अपाङ्गता, ३४६ जना अति अशक्त अपाङ्गता समेत जम्मा ३५२३ जना लाभग्राहीको खातामा ९ करोड ८७ लाख ५२ हजार २ सय ६६ रुपैया दाखिला गरी वितरण भएको, गाउँपालिका अन्तर्गतका ७ वटै वडाका अशक्त, विरामी, अपाङ्ग जो बैंक सम्म भत्ता रकम लिन जान नसक्ने नागरिकहरुलाई उहाँहरुको घरमै भत्ता रकम उपलब्ध गराउने कार्य निरन्तर हुँदै आएको छ। नियमितरुपमा सबै वडाका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण अध्यावधिक गरी मृत्यु भएका लाभग्राहीको लगत कट्टा गर्ने कार्य नियमितरुपमा भइरहेको र यस गाउँपालिकामा ब्यक्तिगत घटना दर्ता तर्फ हरिनगर गाउँपालिकाको ७ वटै वडामा गरेर कुल जन्म दर्ता १४३०, कुल मृत्यु दर्ता २४०, कुल सम्बन्ध बिच्छेद १६, कुल बिबाह दर्ता ४४७, बसाइ सरी आउनेको संख्या परिवार संख्या २६ र बसाई सरी जानेको परिवार संख्या ७७ रहेको व्यहोरा सभा समक्ष अनुरोध गर्दछु।

२९. महिला बालबालिका तथा समाज कल्याण सेवातर्फ महिला हिंसा विरुद्धको १६ दिने अभियान सञ्चालन गरिएको छ। महिलाहरूको हक अधिकार सुनिश्चितताका लागि अन्तर्राष्ट्रिय नारी दिवस मनाइएको छ। चाडपर्व संस्कृति को विशेषता झल्किने गरी र संस्कृतिको जगेर्नाका लागि महिलाहरूको महान पर्व तीज विशेष कार्यक्रम मनाइएको छ दाइजो प्रथा अन्त्यको लागि विद्यालयहरूमा विद्यार्थीहरूसँग दाइजो उन्मूलन सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको छ। सबै स्थानीय तहहरूलाई २०८७ सालसम्म बालमैत्री स्थानीय शासनयुक्त राष्ट्र घोषणा गर्ने नेपाल सरकारको प्रतिबद्धता अनुरूप हरिनगर गाउँपालिकाले यस वर्ष बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणाको कार्यक्रम सञ्चालन गरिरहेको छ। सोही सन्दर्भमा महिला बालबालिका शाखाले वडा स्तरमा सरोकारवालाहरूलाई समुदायमा आधारित बाल संरक्षण प्रणालीको अभिमुखीकरण विद्यालयका अभिभावकहरुलाई बालबालिकाको व्यवहार सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको छ। त्यसैगरी बालश्रम मुक्त गाउँपालिका

घोषणा कार्यक्रमका लागि बालश्रम विरुद्धको अन्तर्राष्ट्रिय दिवस जुन १२ कोशी प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको सहयोगमा सम्पन्न गरेको छ। बाल अधिकार संरक्षण तथा सम्बर्द्धन कार्यविधि, २०८२ तयार गरी सोही अनुरूप बालमैत्री स्थानीय शासन समिति, पालिका स्तरीय बाल अधिकार समिति, कार्यान्वयन सहजीकरण समिति मा मदरसाको प्रतिनिधि, सञ्चारकर्मीको प्रतिनिधि तथा प्रहरी कार्यालयको प्रतिनिधित्व समेत रहने गरी गठन गरिएको छ । सोही कार्यविधि अनुरुप २४ वटा विद्यालय स्तरीय बाल क्लबको गठन भएको छ। सातै वटा वडामा वडा स्तरीय बालमैत्री समिति गठन गरी बाल क्लबहरूबीच अन्तरक्रिया कार्यक्रम सञ्चालन भएको छ। बालश्रम हुनसक्ने स्थानहरूको पहिचान तथा अनुगमन गरी सातैवटा वडामा बालश्रम हुनसक्ने स्थानहरू जस्तै होटल व्यवसाय इटाभट्टा ग्यारेज आदिमा गई स्टिकर टास सम्बन्धी कार्यक्रम सम्पन्न भएको छ बालबालिकाहरूलाई चार दिने विपद सम्बन्धी तालिम सम्पन्न भएको छ।विद्यालय स्तरीय बाल क्लब र बालसञ्जालहरूसँग अन्तरक्रिया कार्यक्रम गरी बालबालिकाहरू मार्फत योजना संकलन गरिएको छ। बालमैत्री स्थानीय शासन कार्यक्रमका लागि विभिन्न विषयगत शाखाहरूसँग समन्वय र सहकार्य हुँदै आएको छ। सुनाईसँग सम्बन्धित अपाङ्गता भएका व्यक्तिहरूका लागि सांकेतिक भाषासम्बन्धी १० दिने तालिम सञ्चालन कार्यान्वयनको चरणमा रहेको छ। त्यसैगरी बालमैत्री स्थानीय शासनसँग सम्बन्धित विभिन्न कार्यक्रमहरू कार्यान्वयनको चरणमा रहेका छन्। त्यसैगरी यस आर्थिक वर्ष हाल सम्ममा ४० जना जेष्ठ नागरिक १७ जना पूर्ण अतिअशक्त अपाङ्गता भएका व्यक्ति २५ जना अति अशक्त भएका व्यक्ति र छ जना मध्यम ५ जना सामान्य अपाङ्गता भएका व्यक्तिहरूलाई परिचयपत्र प्रदान गरिएको छ।

**३०.** वन वातावरण तथा विपद व्यवस्थापन तर्फ जिल्ला स्तरीय विपद तथा जलवायु उत्थानशील योजना, विपद पूर्व तयारी तथा प्रतिकार्य योजना समेतका आधारमा खोज तथा उद्धारका लागि प्रयोग गरिने सामाग्रीहरुको व्यवस्था, विपद प्रभावित नागरिकहरुलाई गाँउपालिकाबाट तथा सहयोगी संस्थाहरुको सहयोगमा राहत सामाग्री वितरण गरिएको छ । जसमा चालु आर्थिक वर्षमा ७ वटै वडाका आगलागि पिडितलाई आधारभुत राहत सामाग्री उपलब्ध गराइएको, ७ वटै वडाका बाढी पिडितलाई आधारभुत खाद्यान्न सहयोग वितरण गरिएको छ भने विपद सम्वन्धी पूर्व जानकारीका लागि समय समयमा सूचना प्रवाह गर्ने गराउने कार्य भइरहेको छ । यस हरिनगर गाउँपालिका, देवानगञ्ज गाउँपालिका र बर्जु गाउँपालिका समेत ३ वटा गाउँपालिकाको समन्वयमा सञ्चालन गर्ने गरी प्रदेश सरकारबाट हस्तान्तरण भई सञ्चालनमा रहेको वारुणयन्त्रलाई व्यवस्थित रुपमा सञ्चालनका लागि आवश्यक जनशक्ति तथा बजेट व्यवस्थापन गरिएको छ । साथै नेपाली सेना र गाउँपालिकाको संयुक्त साझेदारीमा स्थानीय नागरिकहरुलाई विपद सम्बन्धी अभिमुखिकरण तालिम कार्यक्रम संचालन गरीएको ।

**३१.** संस्थागत व्यवस्था तथा सुशासन तर्फ गाउँपालिकालाई व्यवस्थित एवम् सुशासित बनाउन भए गरेका कार्यलाई सूचना प्रविधिको प्रयोग मार्फत यस कार्यालयको वेभसाइटमा सूचना प्रकाशन गरी आम नागरिकहरुलाई जानकारी दिने कार्यलाई निरन्तरता प्रदान गरिएको छ । कर्मचारीहरुको नियमितता कायम गर्न, विदा, काज लगायतका कर्मचारीहरुको अभिलेख व्यवस्थित गर्न गाउँ कार्यपालिका कार्यालय, वडा कार्यालय र सम्पुर्ण स्वास्थ्य संस्थाहरुमा हाजिरी रजिष्टरलाई विस्थापित गरी अनिवार्य ई हाजिरीको थालनी गरीएको, सुशासनलाई थप व्यवस्थित गर्न गाउँ कार्यपालिकाको कार्यालयमा सि.सि. क्यामरा जडान गरिएको र वडा कार्यालयहरुमा समेत विस्तार गर्दै लगिएको छ । साथै नागरिकको सुरक्षाको लागि भुटाहा प्रहरी चौकीको निगरानीमा रहने गरी भुटाहा बजारको २ स्थानमा नम्बर प्लेट तथा सवारी साधन मोडेल सहितको डिटेक्शन प्रविधि सहितको गर्ने सि.सि. क्यामरा जडान गरिएको छ र हरिनगरा बजारमा इलाका प्रहरी कार्यालय हरिनगराबाट मोनिटरिङ्ग गर्ने गरी सिसि क्यामेरा जडान गरीएको । त्यस्तै संस्थागत सुशासन ब्यबस्थाको लागि गाउँपालिकाबाट गठित विभिन्न विषयगत समितिहरुलाई क्रियाशिल बनाइ विभिन्न विषयमा उक्त समितिहरुबाट छलफल, नीति नियम, ऐन, कानून, कार्यविधिहरुको तर्जुमा गर्नुपर्दा समितिको बैठकको निर्णय तथा सिफारिसका

आधारमा कार्यपालिका तथा गाउँ सभामा पेश गर्ने ब्यबस्था मिलाइएको, सुशासन ब्यबस्थापनको लागि यस्ता समितिहरुलाई क्रियाशिल बनाउने गरिएको छ।

**३२.** गाउँ कार्यपालिकाको लेखापालन व्यवस्थालाई नेपाल सरकारबाट तयार गरिएको सुत्र प्रणालीमा आवद्ध गरी आर्थिक कारोवारलाई विश्वसनीय र भरपर्दो बनाइएको छ भने हरिनगर गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्य ऐन, २०८३ जारी गरी सो बमोजिम कार्य प्रारम्भ गरीएको। सार्वजनिक खरिद प्रक्रियालाई चुस्त बनाउन वार्षिक खरिद योजना तयार गरी विधिसम्मत कार्य सञ्चालन गर्ने कार्यको थालनी भएको छ भने जिन्सी सामान व्यवस्थापनलाई महालेखा नियन्त्रकको कार्यालयबाट जारी गरिएको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा इन्ट्री गर्ने कार्यलाई नियमित रुपमा कार्यान्वयनमा ल्याउने गरी कार्य गरीएको व्यहोरा निवेदन गर्न चाहन्छु।

३३. यस गाउँपालिकाको हालसम्मको अद्यावधिक बेरुजु २०करोड ९१ लाख १२ हजार ५ सय ३८ रुपैया रहेको छ। जसमध्ये आर्थिक वर्ष (२०७९/०८०) सम्मको बेरुजु २६ करोड ४ लाख ४० हजार ९ सय ९२ रुपैयाँ रहेको थियो भने आर्थिक वर्ष २०८०/०८१ मा २ करोड ८३ लाख ५५ हजार ९ सय ४० रुपैया (हालसम्मकै सबैभन्दा कम बेरुजु) रहेको थियो। गत आर्थिक वर्ष २०८१।०८२ मा कुल ४ करोड ७७ लाख ३४ हजार ५२ रुपैया बेरुजु फर्छौट गरीएकोमा आर्थिक वर्ष २०८२।०८३ मा ४ करोड १६ लाख २९ हजार ५ सय ३ रुपैया समपरीक्षण गरी फर्छौट गरीएको छ जस मध्ये ३४ लाख ७० हजार ६ सय ९४ रुपैंया असुल गरी गाउँपालिकाको आन्तरिक राजश्व खातामा दाखिला गरिएको छ। आर्थिक वर्ष २०८१।०८२ को अन्तिम लेखा परीक्षण प्रतिवेदनबाट यस गाउँपालिकाको बेरुजु आर्थिक २०८१।०८२ को कारोबारमा ७१ लाख ८७ हजार ६ सय ३८ रुपैंया मात्र कायम हुन गएको छ जुन बेरुजु सुनसरी जिल्लाका १२ वटा स्थानीय तह मध्ये सबै भन्दा न्यून र कोशी प्रदेशका १३७ स्थानीय तहहरु मध्ये यो गाउँपालिसका न्युनबाट १७ औं नंबरमा पर्न सफल भएको छ जसले यस गाउँपालिकामा वित्तिय सुशासन पारदर्शिता र जवाफदेहिता बढदै गएको शुभ संकेत दिएको छ। हाल सम्म कायम भएको बेरुजु मध्ये अधिकतम बेरुजु फर्छौट गर्नेगरी आगामी आर्थिक वर्षलाई बेरुजु फर्छौट वर्षको रुपमा प्राथमिकता दिइनेछ। यसका लागि गाउँ सभा अन्तर्गत रहेको अर्थ तथा सार्वजनिक लेखा समितिलाई नियमानुसार क्रियाशिल बनाइनेछ।

**३४.** आम नागरिकको सूचनाको हकलाई व्यवस्थित गर्न सूचना अधिकारीको व्यवस्था तथा नागरिक वडापत्र, उजुरी पेटिका, सूचनापाटीको व्यवस्था यसै आर्थिक नयाँ प्रशासकीय भवनमा व्यवस्थित भइरहेको, आगामी आ.व.मा सबै वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा समेत सबैले देख्ने स्थानमा नागरिक वडापत्रको व्यवस्था गर्ने कार्यलाई नियमितता दिइनेछ। नागरिकहरुको गुनासो सुनुवाई कार्यलाई तत् तत् शाखाबाट सम्वोधन गर्ने व्यवस्था मिलाइएको छ भने सामाजिक परीक्षण, सेवाग्राही सन्तुष्टी सर्भेक्षण सहितको सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन, डिजिटल सूचनापाटीको व्यवस्थापन आदी कार्यहरु सञ्चालन गरी सुशासन सहितको दिगो विकास प्रणालीलाई थप मजबुत बनाइएको छ।

**३५.**न्यायिक समिति तथा न्याय सम्पादन तर्फ हरेक शुक्रबार न्यायीक समितिमा परेका उजुरी तथा मुद्दाको छलफल गरी सानातिना घरेलु झैझगडा तथा विवादहरुलाई स्थानीयस्तरमै मेलमिलापका माध्यमबाट विवादको अन्त्य गर्ने गरिएको छ। न्यायिक समितिलाई व्यवस्थित गर्न मेलमिलाप कर्ताहरुलाई आधारभुत मेलमिलाप तालिम संचालन गरिएको छ। मासिक रुपमा २ वटा बैठक सञ्चालन गर्ने गरिएको छ। न्यायिक समितिमा गत आर्थिक वर्षको अ.ल्या. मुद्दा २४ र चालु आ.व. २०८२।०८३ मा १३३ वटा उजुरी परेकोमा १२५ वटा उजुरी फर्छौट भएको हालसम्ममा ३२ वटा उजूरी किनारा लगाउन बाँकी रहेको व्यहोरा सभा समक्ष राख्न चाहन्छु।

३६. वडागत विकास तर्फ वडाको जनसंख्या भूगोल र आयको स्थितिलाई आधार मानी वडागत विकास बजेट विनियोजन गरिएको छ । सोही बजेटका आधारमा गाउँपालिकास्तरीय बजेटबाट सम्बोधन हुन नसकेका स-साना कार्यक्रम तथा पूर्वाधार निर्माण आयोजनाहरु समेत सञ्चालन भइ आएको व्यहोरा सभा समक्ष राख्न चाहन्छु ।

३७. राष्ट्रिय समस्याको रुपमा रहेको भूमि समस्यालाई समाधान गर्न भूमिहिन दलित, भूमिहीन सुकुम्वासीलाई तोकिए बमोजिमको जग्गा निःशुल्क रुपमा उपलब्ध गराउन र अव्यवस्थित बसोवासीको व्यवस्थापन गर्नका लागि यस गाउँपालिकाले राष्ट्रिय भूमि आयोगसँग सम्झौता गरी गा.पा. क्षेत्र भित्रका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीको लगत संकल गरी सम्बन्धित वडाबाट प्रमाणीकरण भइ आएका फारामहरुको आयोगले उपलव्ध गराइएको सफ्टवेयरमा लगत प्रविष्टि कार्य भइ आएकोमा नेपाल सरकारको निर्णय बमोजिम राष्ट्रिय भूमि आयोग खारेज भई पुनः भूमि समस्या समाधान समिति गठन भएको हुँदा सम्बन्धित जिल्ला तहमा समेत जिल्ला भूमि समस्या समाधान समिति गठन भएकोमा सोही बमोजिम कार्य भइरहेको व्यहोरा सभा समक्ष राख्न चाहन्छु ।

**३८. वजेटको चुनौतिहरु**

स्थानीय सरकारका लागि आवश्यक सबै कानूनहरु समयमै तयार हुन नसक्नु, बजेट तथा अन्य स्रोत साधन न्यून हुनु, संघीय सरकार र प्रदेश सकारबाट प्राप्त हुने अनुदान बजेट कटौती हुँदै जानु, चर्को मूल्य वृध्दि सँगसँगै नेपाली मुद्राको अवमूल्याङ्कन भइरहनु, पूँजिगत खर्चभन्दा चालु खर्च बढ्दो क्रममा रहनु, नीति कार्यान्वयन गर्ने दक्ष जनशक्ति अभाव हुनु, दिगो विकासको अवधारणा वमोजिम विकास कार्यक्रम सञ्चालन नहुनु, विकास भए पनि त्यसको मर्म अनुरुप सामाजिक अपनत्व कायम नहुनु, मानव विकासका सूचकाङ्कहरु (शिक्षा, स्वास्थ्य, रोजगारी) मा उल्लेख्य सुधार हुन नसक्नु, युवाहरुलाई विदेश पयालन हुनबाट रोक्न नसक्नु, सशक्त अनुगमन तथा मूल्याङ्कन पद्धतिको विकास हुन नसक्नु जस्ता प्रमुख समस्या तथा चुनौतिहरु हाम्रा सामुन्ने विद्यमान रहेको व्यहोरा सभा समक्ष जानकारी गराउन चाहन्छु।

**३९. वजेटको अवसरहरु**

माथिको बुँदामा लेखिएका प्रमुख चुनौतिहरु रहे तापनि यस गाउँपालिकाले लिएको विकासको पहलकदमीहरुले गाउँपालिकाको आर्थिक विकासमा सकारात्मक संकेत देखिन थालेका छन् । सडक सञ्जालमा भएको व्यापक सुधार, सूचना प्रविधिले ल्याएको अकल्पनिय परिवर्तन, सुशासनका पक्षमा चालिएका कदमहरु समेतले आम गाउँपालिका बासीहरुमा थप उर्जा प्रवाह भएको छ । यसै हिसाबले गाउँपालिकाको शिक्षा, स्वास्थ्य, कृषि, पशु सेवा लगायत समग्र विकासमा निरन्तरता प्रदान गर्दे जान र नीतिगत प्रक्रियागत सुधार गरी बिकासको नियमित रफ्तार बढाउन गाँउपालिका दृढ संकल्पित रहेको व्यहोरा सभा समक्ष राख्न चाहन्छु । हामीसँग उर्वर कृषियोग्य भूमिहरु छन् । सिंचाइका लागि नहर तथा भूमिगत सिंचाइ व्यवस्था मिलाउन सकिने पर्याप्त अवसर छ । हाम्रा कृषकहरु मेहनेतका लागि तत्पर अवस्थामा रहनु भएका छन् । सडक सञ्जाल, सञ्चारको पहुँच, सुरक्षा व्यवस्था आदि सबै पक्षबाट औद्यौगिक लगानी गर्न सकिने सुरक्षित वातावरणका यथेष्ठ आधारहरु तयार भएका छन् । यी सुनौलो अवसरहरु हुँदाहुँदै पनि हामी यी अवसरहरुलाई समयमै सदुपयोग गर्न सकिरहेको अवस्था छैन ।

४०. यी चुनौति र अवसरहरुलाई विषेश ध्यान दिंदै सरकार निजी क्षेत्र र सहकारी क्षेत्रको लगानी बिस्तार गर्न सके उत्पादन उत्पादकत्व र रोजगारी बढाइ पालिकालाई समृद्ध बनाउन अरुको भर पर्नु नपर्ने अवस्था सिर्जना गर्न सकिने अवस्था सभा समक्ष निवेदन गर्न चाहन्छु । यसले हाम्रो समाजमा रहेको धनी र गरीब बीचको अन्तरलाई समेत समयमै अन्त्य गर्न सक्ने अवस्था छ ।

**४१. बजेटका उध्येश्यहरु**

क) पालिकाको  दरिलो आर्थिक वृद्धि हासिल गर्ने,

ख) सामाजिक विकासका पक्षहरुलाई सुदृढ गर्ने,

ग) गाउँपालिका भित्र बसोबास गर्ने आम नागरिकहरुको  जीवनस्तरमा सुधार ल्याउने,

घ) दिगो भौतिक पूर्वाधार विकाससँगसँगै मानव विकासमा जोड दिने,

ङ) लैङ्गिकमैत्री शासन व्यवस्थाको आधार तयार गर्ने ,

च) स्थानीय सुशासन कायम गर्दै लोकतन्त्र एवम् संघीय शासन व्यवस्थालाई प्रवर्द्धन गर्ने ।

**४२. बजेटका प्राथमिकता क्षेत्रहरु**

क) पूर्वाधार विकास ,

ख) आर्थिक विकास,

ग) सामाजिक विकास,

घ) सुशासन तथा संस्थागत क्षमता विकास,

ङ) वन वातावरण तथा विपद् व्यवस्थापन,

**४३. क्षेत्रगत विकास नीति तथा बजेट बाँडफाँड ।**

**सम्मानित अध्यक्ष ज्यू ,**

आ.व. २०८३/०८४ को क्षेत्रगत वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**४४. पूर्वाधार विकासः**

- सडक आयोजना निर्माण गर्दा रकम छर्ने प्रवृतिलाई निरुत्साहित गरिनेछ । बहुवर्षिय आयोजना तथा चालु आ.व. का अधुरा योजनाहरुलाई आगामी आ.व. भित्रै सम्पन्न गरिनेछ ।
- गाँउपालिका भित्रका सबै सडकहरु बाह्रैमास यातायात संचालन गर्न सकिने गरी क्रमशः स्तरोन्नति गरिदै लगिने छ ।
- गाँउपालिका भित्र रहेका सम्पूर्ण सडकहरुको अभिलेख व्यवस्थित गरी सडक गुरु योजनाका आधारमा योजनावद्ध रुपमा सडक निर्माण कार्य अघि बढाईने छ ।
- रणनीतिक महत्वका सडक दाँया बाँया वृक्षारोपण गर्न प्राथमिकता दिईनेछ ।
- सडकको संरक्षणको लागी स्थानीयहरुमा जनचेतना फैलाउने, सडक अवरुद्ध गरी सडकमा बालीनाली सुकाउने, दाउनी गर्ने र सडक अतिक्रमण गरी टाटी खम्बा लगाउने व्यक्तिहरुलाई कानूनी कारवाहीको दायरामा ल्याउन टोल सुधार समिति गठन गरी सडक सुरक्षा तथा संरक्षण व्यवस्थापन कार्य टोलवस्तीलाई नै जिम्मेवार बनाउने पद्धति अवलम्बन गरिनेछ।
- गाँउपालिकाको निर्माणाधिन प्रशासकीय भवन र १५ शैयाको आधारभुत अस्पताल समेत चालु आर्थिक वर्ष २०८२/०८३ मा सम्पन्न गरी । आगामी आ.व. २०८३।०८४ मा सो भवनहरुबाट सम्पुर्ण सेवाहरु सुचारु गरीनेछ ।

- गाँउपालिका भित्र बन्ने भवनहरुलाई नियमन गर्न बस्ती विकास तथा भवन निर्माण मापदण्ड वमोजिम अनिवार्य नक्शा पास गर्नुपर्ने व्यवस्थालाई व्यवस्थित रुपमा लागू गरिनेछ। सो वमोजिम घर नक्सा निर्माण इजाजत नलिइ आफूखुशीले घर टहरा गोदाम आदि निर्माण गर्ने व्यक्तिहरुलाई कानूनको दायरामा ल्याइने छ।
- गाउँपालिका भित्र बन्ने भवनहरुमा भुकम्प प्रतिरोधी र अपाङ्ग तथा बालमैत्री बनाउन राष्ट्रिय भवन संहितालाई अनुशरण गर्दै लगिनेछ।
- सार्वजनिक सम्पत्ति र नागरिकहरुको धनजनको सुरक्षा तथा सडक व्यवस्थापन समेतका लागि सबै वडाहरुको मुख्य बजार र वस्तीहरुमा सडक बत्तीको व्यवस्थापन गरिनेछ।

**४५. आर्थिक विकासः**

- कृषि तथा पशु स्वास्थ्य सेवालाई आर्थिक विकासको मुख्य आधारको रुपमा विकास गर्दै लैजान ज्ञान सीप र प्रविधिमा आधारित बनाउँदै लगिनेछ।
- भूउपयोग योजनाका आधारमा माटो सुहाँउदो उत्पादन हुने वालीहरुलाई प्रोत्साहित गर्न माटो परीक्षण समेत गरी कृषि क्षेत्रको उत्पादकत्व र प्रतिष्पर्धि क्षमता विकास गरिने छ।
- बालीनालीमा बढ्दो किटनाशक औषधीको प्रयोगलाई नियन्त्रण सम्बन्धमा किटनाशक औषधि विक्रेता तालिमको लागि व्यवस्था मिलाइनेछ।
- तुलानात्मक लाभ हुन सक्ने मकै, धान, गहुँ, बेमौसमी तरकारी लगायतका कृषि उपजको उत्पादनमा जोड दिदै कृषि बजारको प्रवद्धन गर्दै लगिनेछ।
- भूउपयोग योजनाको खाका बमोजिम खेती योग्य जग्गा बाँझो राख्ने प्रवृतिलाई निरुत्साहित गरिनेछ।
- कृषि योग्य भूमिमा सिंचाई सुविधा विस्तार गर्न मोटर सिँचाइको व्यबस्था गरीनेछ साथै कृषि सिंचाई सुविधाका लागी विद्युतिकरण कार्यक्रम विस्तार गरिदैं लगिनेछ।
- भुटाहा कृषि हाट बजार र घुस्की कृषिहाट बजारको पुर्वाधार निर्माण कार्य प्रदेश सरकार तथा संघीय सरकारसँगको सहकार्यमा गरिनेछ।
- प्रदेश सरकारको सहकार्यमा कृषि उपजहरुको बजारीकरणको लागी कृषि एम्बुलेन्स र कृषकहरुले उत्पालन गरेको अनाज व्यवस्थितरुपमा सुकाउनका लागी ड्रायर मेशिन खरिद गरी संचालनमा ल्याइनेछ।
- कृषि सेवा केन्द्र ल्याब भवन निर्माण गरी संचालनमा ल्याइनेछ।
- गरीव तथा न्युन आय भएका किसानहरुलाई अनुदानमा धान, गँहु तथा तरकारीको विउ उपलब्ध गराउने कार्यक्रमलाई निरन्तरता दिइने छ।
- पशुपंक्षीको उत्पादकत्व बढाउन पशु नश्ल सुधार कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिनेछ।
- फलफुल दशक अन्तर्गत आँप, लिची कटहर लगायत अन्य तुलानात्मक लाभ दिनसक्ने फलफुलका विरुवा रोप्ने अभियान संचालन गरिनेछ।
- पशु स्वास्थ्य सेवा र कृषिलाई प्रभावकारी बनाउन एक गाउँ एक प्राविधिक कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- गाँउपालिकाभित्रका किसानहरुलाई कृषि औजारहरु सरल सहज रुपमा उपलव्ध गराउने नीति अवलम्वन गरिनेछ।

- सहकारी संस्थाहरुलाई व्यवस्थित गर्दै पालिकाभित्र रहेका साना पूँजी संङ्कलन गरी सहकारी संस्थाहरुलाई विकासमा आवद्ध गरिनेछ ।
- सहकारिताको विकासका लागि विशेष प्याकेज तयार गरी क्षमता विकास सम्वन्धी सहकारी तालिम प्रदान गरिनेछ ।
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA) लाई निरन्तरता दिँदै आर्थिक विकासका लागि नयाँ उद्यमी सिर्जना गर्न  बेरोजगार युवा युवतीहरुलाई मागमा आधारित सीप विकास तालिम प्रदान गरी व्यवसाय संचालनका लागि बिउँ पूँजीको व्यवस्था मिलाइनेछ ।
- गाउँपालिकाको रोजगार सेवा केन्द्रलाई सुदृढ गरी प्रभावकारीरुपमा संचालनमा ल्याइनेछ ।
- गाउँपालिका क्षेत्र भित्र उद्योगको विकासका लागि उद्योगलाई आवश्यक पर्ने पूर्वाधार विकास गर्न गाउँपालिकाले जोड दिनेछ ।
- स्थानीय सीप र कौशल प्रयोग हुने वस्तु र सेवाको उत्पादन र व्यापारलाई प्रोत्साहन दिइनेछ ।
- गाँउपालिका क्षेत्रभित्र बिना दर्ता सञ्चालित उद्योग व्यवसायलाई दर्ता गराई करको दायरामा ल्याउने र व्यवसायिक सुरक्षाको प्रत्याभुति गराइनेछ ।
- गाउँपालिकाबाटै आवश्यक कानूनी प्रबन्ध गरी गाउँपालिकामै उद्योग व्यवसाय तथा फर्म दर्ता गर्ने प्रबन्ध मिलाइनेछ ।
- गाउँपालिका क्षेत्रभित्र रहेका ऐतिहासिक र पुरातात्विक महत्वका सम्पदाहरुको खोजी गरी त्यस्ता क्षेत्रलाई पर्यटकीय क्षेत्रका रुपमा विकास गरिनेछ ।
- यस गाउँपालिका भित्रका घुस्की भुटाहा र हरिनगराको मुख्य बजारहरुलाई कृषि हाटबजारको रुपमा स्थापना र संचालनका लागी आवश्यक पहल गरिनेछ ।

**४६. सामाजिक विकास**

- सार्वजनिक विद्यालयबाट प्रदान गरिने शिक्षाको गुणस्तरमा सुधार ल्याइने छ ।
- शिक्षालाई रोजगारी र उद्यमशिलतासँग जोड्न प्राविधिक र व्यवसायिक शैक्षिक संस्थाहरुलाई आवश्यक सहयोगको व्यवस्था मिलाइनेछ ।
- विद्यालय तहको शिक्षामा कम्प्युटर शिक्षालाई प्रोत्साहित गरी स्थानीय भाषा प्रवर्द्धन गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- विद्यालयहरुमा सूचना तथा संचार प्रविधिको प्रयोग र सिकाईलाई प्रोत्साहित गरिनेछ ।
- जीर्ण अवस्थामा रहेका विद्यालय भवनहरुको मर्मत, फर्निचर तथा आवश्यक शैक्षिक सामाग्रीहरुको व्यबस्थापनको लागि बजेट व्यबस्था गरिनेछ ।
- गाँउपालिका भित्रको विद्यालय तथा मदर्शाहरुको लागि आवश्यक भवन, कक्षा कोठा फर्निचर तथा शौचालयको व्यवस्थाका लागि समुचित व्यवस्था गरिनेछ ।
- बार्षिक शैक्षिक कार्य योजना निर्माण तथा शैक्षिक प्रोफाइल निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- शैक्षिक गतिविधिको अनुगमन तथा मुल्याङ्कनमा जोड दिइनेछ ।

- शिक्षकहरुलाई मागमा आधारित तालिम, विद्यालयको लेखाको कर्मचारीहरुलाई लेखा सम्बन्धी तालिम तथा व्यवहारिक लेखन तालिम सञ्चालनको प्रवन्ध मिलाइनेछ।
- उच्च शिक्षामा महिलाहरुको सहज पहुँचका लागि हरिनगरा वहुमुखी क्याम्पसमा अध्ययन गर्ने हरिनगर गा.पा. मा स्थायी बसोबास गर्ने सबै छात्राहरुलाई नि:शुल्क अध्ययनका लागि छात्रवृत्रिलाई निरन्तरता दिइनेछ।
- हरिनगर गाँउपालिका भित्रका गरिव जेहन्दार र दलित विद्यार्थीहरुलाई पोशाक तथा छात्रवृत्ति प्रदान गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।
- बाल विकास केन्द्रलाई व्यवस्थित गर्दै लगिनेछ।
- विद्यालय एक महिना एक सुधार अभियान लागु गर्ने।
- स्थानीय पाठ्यक्रम बमोजिम तयार भएको विषयको पाठ्यपुस्तक सबै विद्यालयमा पुर्याउने व्यवस्था मिलाइने छ।
- न्यून विद्यार्थी भएका बाल विकास केन्द्र/ विद्यालयहरुलाई समायोजन वा अन्यत्र आवश्यकता अनुसार स्थान्तरण गरिनेछ।
- उत्कृष्ट विद्यालय, विद्यार्थी र शिक्षकलाई पुरस्कृत गरिने।
- यूवाको दक्षता, उद्यमशिलता, अन्वेषणात्मक क्षमताको विकास गरी विकासमा यूवा सहभागिता बढाइने छ।
- बेरोजगार युवाहरुलाई लक्षित गरी नेपालमै रोजगारी दिलाउन माग र आवश्यकतामा आधारित विभिन्न सीपमूलक तालिमको व्यवस्था गरिने छ। साथै उद्यमशिलताको विकासको लागि थप कार्यक्रमहरु संचालन गरिनेछ।
- खेलकुद विकासका लागि भौतिक पूर्वाधार निर्माण र स्थानिय स्तरमा अध्यक्ष कप फुटबल, क्रिकेट, भलिबल, कुस्ती जस्ता खेलकुद प्रतियोगिताहरु संचालन गरी युवा विकास गर्ने नीति लिइनेछ।
- स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने खोप सेवा, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, पोषण लगायत जनस्वास्थ्य सेवाहरु र उपचारात्मक सेवाको लागि आवश्यक औषधी, उपकरण तथा स्वास्थ्य सामाग्रीहरुको व्यवस्थापन गर्न आवश्यक बजेट व्यवस्था गरिनेछ।
- गर्भावस्थादेखि जन्म पश्चात उपलब्ध गराइने खोप, भिटामिन ए, पोलियो खोप जस्ता आधारभुत स्वास्थ्य सेवा सुनिश्चित गरिने छ।
- नसर्ने रोग व्यवस्थापनका लागि एकीकृत स्वास्थ्य सेवा प्रणाली सहितको गुणस्तरीय सेवा प्रदान गर्न प्रवर्द्धनात्मक, प्रतिकात्मक, उपचारात्मक तथा पुनर्स्थापना सेवाको छुट्टै प्याकेज कार्यक्रम तयार गरी लागु गरिनेछ।
- एन्टीबायोटिक तथा स्टेरोइड औषधीको दुरुपयोग नियन्त्रण गर्न एक समिति गठन गरी प्रभावकारी रुपमा यस्ता औषधीहरुको नियमन नियन्त्रण तथा निगरानीको व्यवस्था मिलाइनेछ।
- स्थानीय श्रोत साधनको प्रयोग गरी स्वास्थ्यसँग सम्बन्धित विभिन्न अनुसन्धानात्मक क्रियाकलापरु संचालन गरिनेछ।
- स्थानीय जडिबुटिको पहिचान प्रयोग र महत्व बारे जनचेतना जगाउन थप कार्यक्रमहरु संचालन गरिनेछ।
- गाउँपालिका भित्रका ज्येष्ठ नागरिकहरुलाई स्वास्थ्य उपचार सेवा पहुँचका  समाज कल्याण परिषद, राष्ट्रिय स्वास्थ्य कोष सँगको सहयोग र साझेदारीमा विशेषज्ञ सेवा सहितको बृहत स्वास्थ्य शिविर  सञ्चालन गरिनेछ।
- उत्कृष्ट स्वास्थ्य संस्था/ नियमित गर्भवती जाच गर्ने गर्भवती महिला र स्वास्थ्य कर्मीलाई सम्मान गरिनेछ।

- महामारी, मौसमी विपदजन्य बाढी, डुवान तथा शितलहर, आगलागी तथा अन्य विपद व्यवस्थापनका लागि स्थानीय तहमा स्वास्थ्यकर्मी, सुरक्षाकर्मी तथा अन्य जनशक्तिका लागि विपद व्यवस्थापन कोषमा आवश्यक बजेटको व्यवस्था मिलाइनेछ।
- प्राथमिक स्वास्थ्य केन्द्र, हरिनगरालाई १५ शैयाको आधारभूत अस्पतालमा स्तरोन्नती गरिसकिएकोले आवश्यक पूर्वाधार तथा जनशक्ति सहितको व्यवस्था मिलाइ हाल चालु रहेको इमरजेन्सी सेवा र वर्थिङ सेन्टरलाई थप व्यवस्थित गर्दै उपचार सहितको स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- एक वडा एक स्वास्थ्य चौकीको अवधारणा अनुरुप वडा नं. ७ मा आधारभुत स्वास्थ्य केन्द्र भवन स्थापनाका लागि जग्गा व्यवस्थापनका लागि आवश्यक प्रक्रिया अगाडि बढाईने छ।
- स्वास्थ्य संस्थाहरुबाट निःशुल्क रुपमा उपलब्ध गराईने औषधिहरुको अभाव नहुने गरी आवश्यक व्यवस्था मिलाइनेछ।
- स्वास्थ्य संस्थाहरुको लागि आवश्यक स्वास्थ्य सामाग्री, फर्निचर, रंगरोगन, घेराबेरा, मर्मत संभार तथा अन्य उपकरणहरु क्रमशः व्यवस्था गर्दै लगिनेछ।
- बृहत पोषण कार्यक्रमको लागि बहु क्षेत्रीय पोषण कार्यक्रमसँग समन्वय गरी व्यवस्थित रुपमा सञ्चालन गर्दै लगिनेछ।
- आयुर्वेद सेवा विस्तारका लागि गौतमपुर आयुर्वेद औषधालयलाई थप व्यवस्थित गर्दै लगिनेछ।
- गाँउपालिका क्षेत्र भित्रका सबै जनसंख्यालाई आधारभुत स्तरको खानेपानी सेवा उपलब्ध गराउन चालू आयोजनाहरुलाई यसै आ.व.मा कार्यान्वयनमा ल्याई हरेक घरघरमा धारा जडान कार्यको थालनी गरिने छ।
- गाँउपालिका क्षेत्र भित्रका शहरोन्मुख बजारहरुमा ढल निकास तथा फोहरमैला व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ।
- खानेपानी तथा सरसफाइको लागी अन्य संघ, प्रदेश सरकार र बाह्य संघ संस्थाको सहकार्य तथा लागत साझेदारीमा आयोजनाहरु अगाडी बढाईनेछ।
- खानेपानी तथा सरसफाई सम्बन्धी योजना (वासप्लान) आगामी वर्ष देखी क्रमश: कार्यान्वयन गरिदैं लगिनेछ।
- स्थानीय समुदायको भाषा, साहित्य, कला, संस्कृतिको संरक्षण र सम्वर्द्धन गरिने छ।
- गा.पा. भित्र रहेका कब्रिस्तान, ईदगाह, समसान घाट, मठमन्दिर, मस्जिद, गुठी, पोखरी लगायत अन्य धार्मिकस्थल तथा धार्मिक सम्पदाहरुको बिकास तथा सम्वर्द्धनको लागी बजेट व्यवस्था गरिनेछ।
- स्थानीय परम्परागत भाषा संस्कृती र रितिरिवाजको संरक्षण गर्न विशेष कार्यक्रमहरु ल्याइनेछ।
- महिला ,बालबालिका ज्येष्ठ नागरिक, अपाङ्ग तथा सामाजिक सुरक्षा तर्फ उत्पीडन तथा हिंसामा परेका महिला, बालबालिका तथा अपाङ्गहरुलाई आवश्यक सहयोग गरिनेछ।
- गा.पा. क्षेत्रभित्रका महिलाहरुको लागि आयमुलक सीप तालिमको व्यवस्थापन गरिनेछ।
- बालश्रम, भ्रुण हत्या, बालवालिका तथा महिला उपर हुने घरेलु हिंसा, बाल विवाह, अनमेल विवाहलाई समाजबाट निरुत्साहित पार्नका लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिने छ।
- दलित, अन्तरजातीय विवाहलाई सहज सामाजिकीकरणका लागि विशेष कार्यक्रम ल्याइनेछ।
- यस गाउँपालिकालाई आगामी आर्थिक वर्षमा बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणा गरिनेछ।

- जेष्ठ नागरिक, महिला, दलित, बालबालिका, अपाङ्ग, अल्पसंख्यक समुदायको संरक्षण र सुरक्षाको लागि आवश्यक बजेट तथा कार्यक्रमहरु ब्यबस्थापन गरिनेछ ।
- उमेर पुगी विवाह गर्ने महिला र पुरुषलाई सम्मान गरिनेछ ।
- समाजमा हुने विकृति विसंगतिहरुलाई न्युनिकरण गर्न खुद्रा तथा थोक मदिरा बिक्रेताहरुलाई कानून बमोजिम निरन्तर नियमन गरीनेछ ।
- असहाय, वेवास्तामा परेका ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र एकल महिलाका लागि विश्राम गृह निर्माणका लागि आवश्यक पहल गरिने र सो व्यवस्था नभएसम्मका लागि सुनसरी जिल्ला भित्र रहेको कुनै संघसंस्था मार्फत त्यस किसिमका नागरिकहरुको सम्वोधन गरिनेछ ।
- राष्ट्रिय समस्याको रुपमा रहेको भूमि समस्यालाई समाधान गर्न भूमिहिन दलित, भूमिहीन सुकुम्वासीलाई तोकिए बमोजिमको जग्गा निःशुल्क रुपमा उपलब्ध गराउन र अव्यवस्थित बसोवासीको व्यवस्थापन गर्नका लागि नेपाल सरकारको निर्णय बमोजिम गठित भूमि समस्या समाधान समितिको निर्णय अनुसार यस हरिनगर गाउँपालिका अन्तर्गत रहेका भूमिहिन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीहरुलाई जग्गाधनी प्रमाण पुर्जा वितरण कार्यलाई प्रभावकारीरुपमा कार्यान्वयन गरिनेछ ।

**४७. वन, वातावरण तथा विपद व्यवस्थापन**

- विपद व्यवस्थापनलाई प्रभावकारी बनाउन स्थानिय विपद व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयनमा लगिनेछ ।
- विपदहरुको रोकथाम तथा न्यूनिकरणका लागि पुर्व तयारी, प्रतिकार्य र पुनर्लाभका कार्यक्रम संचालन गर्न स्थानिय विपद व्यवस्थापन कोषमा आवश्यक बजेटको व्यवस्था निरन्तरता दिइनेछ ।
- ठूला पूर्वाधार आयोजनाहरु संचालन गर्दा विपद जोखिम संवेदनशिलतालाई केन्द्रविन्दुमा राखी कार्यान्वयन गर्न सघाउ पुग्ने गरी डिजाइन तथा इस्टिमेट गर्ने व्यवस्था गरिनेछ ।
- बाढी, आगलागी, चट्याङ्ग, हावाहुरी जस्ता प्रकोपबाट पिडित नागरिकहरुलाई स्थानीय कानून वमोजिम राहत उपलब्ध गराईनेछ । ठूला प्रकृतिको विपद आई परेमा केन्द्रीय, प्रदेश तथा जिल्ला विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी र अन्य निकायहरुसंग समन्वय गरी काम गरिनेछ ।
- हरिनगर गाउँपालिका, देवानगञ्ज गाउँपालिका र बर्जु गाउँपालिकाको त्रिपक्षीय समन्वयमा सञ्चालनमा ल्याइएको बारुणयन्त्र सञ्चालन कार्यलाई निरन्तरता दिइनेछ ।
- विभिन्न खालका महामारी संक्रमण नियन्त्रणको लागि आवश्यक वजेटको व्यवस्थापन गरिनेछ ।
- गाँउपालिका क्षेत्र भित्रका खाली तथा पर्ति जग्गाहरुमा र गा.पा. अन्तर्गत निर्माण भैसकेको सडकहरुको दाँया बाँया बृक्षारोपण कार्य गरिनेछ ।
- वातावरण संरक्षण र जलवायू परिवर्तनका असरहरु सम्बन्धमा जनचेतना मूलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- नसड्ने प्लाष्टिकजन्य प्रदुषण, वायु प्रदुषण, ध्वनि प्रदुषण, जल प्रदुषण नियन्त्रण तथा नियमनका लागि कार्यक्रमहरु संचालन गरिनेछ ।
- जलवायू परिवर्तनसंग अनुकुलित हुने गरी विकास कार्यक्रमहरु संचालन गरिनेछ ।

- शहरीकरणको विस्तारसंगै बढ्ने फोहरमैलाको चुनौतीलाई सामना गर्न फोहरमैला व्यवस्थापन केन्द्र निर्माणका लागि जग्गाको खोजी गरिनेछ ।
- स्थानीय नदीहरुको कटान नियन्त्रण गर्न तटबन्ध निर्माणका लागि प्रदेश र संघीय सरकारसंग समन्वय गरिनेछ ।
- गा पा क्षेत्रभित्रको फोहोरमैला व्यबस्थापनको लागी ल्याण्डफिल्ड साईड बनाईनेछ जसको लागि जग्गा, आवश्यक साधनस्रोत तथा जनशक्ति व्यवस्थापन गरिनेछ ।
- गा.पा. भित्रका सबै वनजंगलक्षेत्रलाई नियमानुसार व्यवस्थित गरिनेछ । साथै सो वनलाई सामुदायिक वनका रुपमा रुपान्तरण गरी संरक्षणका लागि पहल गरिनेछ ।

**४८. सुशासन तथा संस्थागत क्षमता विकास**;

- गाउँपालिकाबाट स्वीकृत गरिएको व्यवस्थापन तथा सर्भेक्षण (O&M) लाई पुनरावलोन गरी प्रदेश तथा संघीय कानून वमोजिम प्रदेश कितावखाना र राष्ट्रिय किताबखानामा दर्ता गरी पदपूर्ति प्रक्रिया समेत अगाडि बढाइनेछ ।
- कर्मचारीको क्षमता विकासको लागी पुनर्ताजगी तालिमको व्यबस्था गरिनेछ । लोक सेवा मार्फत नयाँ पदपूर्ति भएका कर्मचारीलाई सेवा प्रवेश तालिमको व्यवस्था गरिनेछ ।
- कार्यसम्पादनको सिलसिलामा कडा रोग तथा महामारीजन्य रोगबाट ग्रसित कर्मचारी तथा जनप्रतिनिधीलाई औषधोपचारको लागि आवश्यक बजेट व्यवस्थापन गरिनेछ ।
- सेवा प्रवाहलाई प्रभावकारी बनाउन उत्कृष्ट कार्य गर्ने राष्ट्रसेवक कर्मचारी, स्वास्थ्यकर्मी, शिक्षक र जनप्रतिनिधिलाई छनौट गरी वर्षमा एकपटक  पुरस्कृत गरिनेछ ।
- सुचना प्रविधिको उपयोग गरी स्थानीय तथ्यांक तथा अभिलेखलाई व्यवस्थित गरिनेछ ।
- लक्षित समुदाय विकास कार्यक्रममा विनियोजित साधन श्रोतबाट स्थानीय श्रम बजारको माग अनुसारको लामो अवधिको व्यवसायिक तथा सिपमुलक तालिम संचालन गरिनेछ ।
- लेखापालनमा सुत्र प्रणालीलाई थप व्यवस्थित गरिनेछ ।
- आगामी आर्थिक वर्षलाई बेरुजु फर्छौट वर्षको रुपमा घोषणा गरी गत आ.व. सम्म कायम भएको बेरुजु रकमलाई अधिकतम फर्छौट गरिनेछ ।
- जिन्सी व्यवस्थापनका लागि मलेनिकाको PAMS पद्धतिलाई सशक्त रुपमा अनुशरण गर्दै लगिनेछ ।
- आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी सोको कार्यान्वयन गरीनेछ ।
- कर्मचारी र पदाधिकारीहरुको आचार संहिता बनाई लागू गरिनेछ ।
- गाँउपालिकाको हालसम्मको कार्यप्रगति तथा नीति समाबेश भएको ब्रोसर निर्माण गरी नागरिकको सुसुचित हुने हकलाइ प्रत्याभुत गरिनेछ ।
- सार्वजनिक सुनुवाईको कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।
- गाँउपालिकाको यथार्थ वस्तुस्थिति झल्कने गरी पार्श्वचित्र निर्माण गरी तथ्यांकमा आधारित रहेर कार्यक्रमहरुको निर्माण गरिनेछ ।

- हरिनगर गाँउपालिका अन्तर्गतका मुख्य बजारहरुमा नागरिकको शान्ति सुरक्षा र अमनचयनलाई मद्यनजर गर्दै क्रमिक रुपमा सि.सि. क्यामरा जडान गरिनेछ।

- स्थानीय विकास प्रक्रियामा टोल तथा बस्ती स्तरवाट नै नागरिक सहभागिता सुनिश्चित गर्दै समाजको आर्थिक, सामाजिक, सांस्कृतिक लगायत विकासका सबै पक्षमा दिगोपना र अपनत्व सृजना गर्न निश्चित भौगोलिक क्षेत्रभित्र बसोबास गर्ने नागरिकहरुको सहभागितामा टोल विकास संस्थाको गठन र परिचालनका लागि आवश्यक कानूनी व्यवस्था गरी सामुदायिक विकासमा जोड दिइनेछ।

- गाँउपालिका क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको सुरक्षा, विकास निर्माणको सुरक्षा, छाडा पशु चौपाया नियन्त्रणका लागि गाउँ प्रहरीको व्यवस्था गरिनेछ।
- राजस्व तथा वित्त व्यवस्था सुधार तर्फ करका दरहरुलाई समसमायिक बनाईनेछ र करका दायरालाई विस्तार गरी वैज्ञानिक कर प्रणालीको विकास गर्दै कर प्रशासनलाई करदातामैत्री बनाईनेछ।
- राजश्व सुधार कार्य योजनालाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ।
- राजस्व तथा कर चुहावट नियन्त्रण तथा नियमनका लागि सबै वडा कार्यालयहरुमा समेत आवश्यक व्यवस्था मिलाइने छ।
- गाउँपालिका भित्र भएका गतिविधिहरुलाई विभिन्न सञ्चारका माध्यमबाट जनता सामु पस्कने गरी रेडियो कार्यक्रमहरु निर्माण तथा प्रशारण गरी जनताको सुसूचित हुने हकलाई व्यवस्थित गर्दै लगिने छ।
- बैंक तथा वित्तिय संस्थाहरुको आवश्यक सुरक्षा व्यवस्था प्रवर्द्धन गर्दै यस गाउँपालिकामा बैंकिङ्ग क्षेत्रको शाखा कार्यालय स्थापनामा विशेष जोड दिइने छ।

सभाध्यक्षज्यू

अब म आगामी आ.व. २०८३।०८४ को वार्षिक विकास योजनाका केही पक्षहरु यस सम्मानित सभामा राख्न चाहन्छु।

४९. यस गाउँपालिकाको आर्थिक विकासका लागि कृषि तथा पशु सेवा, सहकारी सेवा, गरीबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम, रोजगार सेवा केन्द्र समेतका माध्यमबाट जनता समक्ष सेवा सुविधा प्रदान गर्ने गरी बजेट विनियोजन गरेको छु। यस गा.पा. अन्तर्गतको किसानहरुलाई मकै खेती प्रवर्धन कार्यक्रम, ५० प्रतिशत अनुदानमा उन्नत गहुँको बिउ वितरण कार्यक्रम, तरकारी खेती प्रवर्धन कार्यक्रम समेतका लागी आवश्यक बजेट विनीयोजन गरेको छु। प्रदेश सरकारको साझेदारीमा संचालन हुने गरी कृषि एम्बुलेन्स खरिदका लागि २० लाख, ड्रायर मेशिन खरिदका लागि ५० लाख, कृषि सिंचाईका लागी विद्युतिकरण कार्यक्रमका लागी १ करोड, कृषि सिंचाईका लागी मोटर बोरिङ्ग कार्यक्रमका लागी ५० लाख, भुटाहा हाटबजारको पुर्वाधार निर्माण योजनाका लागी ४० लाख, कृषि ल्याब भवन निर्माणका लागी २० लाख लगायत अन्य कार्यक्रमका लागी आवश्यक बजेटको प्रबन्ध भएको छ। त्यसै गरी संघीय सरकार विशेष अनुदानबाट घुस्कीहाटबजार केन्द्र पुर्वाधार निर्माण योजनाका लागी १ करोड ५० लाख बजेटको प्रबन्ध भएको छ। त्यसै गरी पशु पंक्षीको औषधी तथा औजार उपकरण खरिद कार्यक्रम, पशुपंक्षी खोप व्यवस्थापन, कृतिम गर्भाधान मिसन कार्यक्रम, हिउँदे र वर्खे घाँसको बिउ वितरण लगायतको कार्यक्रमो लागि आवश्यक बजेट विनीयोजन गरेको छु। संघीय सरकार सशर्त अनुदान अन्तर्गत मकै पकेट विकास कार्यक्रमको लागी आवश्यक बजेट विनीयोजन भएको छ जसबाट मकै कृषकहरुलाई मकै उत्पादनमा प्रोत्साहन मिल्नेछ। त्यसैगरी

उद्योग वाणिज्य तथा रोजगार तर्फ विभिन्न सीपमुलक तालिम र प्रविधि हस्तान्तरणका लागी आवश्यक बजेट विनीयोजन गरेको छु । सहकारी संस्था तर्फ क्षमता विकास तालिम लगायतका कार्यक्रमका लागी आवश्यक बजेट विनीयोजन गरेको छु । गा.पा. भित्रका सम्पुर्ण कृषकहरुलाई नविनतम् कृषि प्रविधि तथा सूचना प्रविधिमा आधारित दिगो भरपर्दो कृषि सेवा प्रदान गर्न कृषि आधुनिकीरणका लागि सञ्चालित यन्त्रहरुको नियमित व्यवस्थापनका लागि वजेट व्यवस्था गरको छु, प्रदेश सरकार सँगको साझेदारीमा संचालन हुने गरी श्रम तथा रोजगार प्रवर्धन कार्यक्रमका लागी प्रदेश सरकारबाट २५ लाख रुपैंया विनीयोजन भएको छ । गाउँपालिकाको समग्र आर्थिक विकास कृषि, पशु, सहकारी, उद्यमशीलता तथा रोजगारीको अवस्था सिर्जना गर्ने वातावरण कायम गर्न यो बजेटले सहयोग पुग्ने अपेक्षा सहित ती सबै कार्यक्रम संचालन समेतका लागि संघ प्रदेश र गाउँपालिका समेतबाट रु. ५ करोड ९४ लाख २० हजार विनियोजन भएको छ ।

५०. सामाजिक विकास तर्फ शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, पञ्जिकरण सेवा समेतका माध्यमबाट सामाजिक विकास गर्नका लागि बजेट विनियोजन गरेको छु । जनताको आधारभूत स्वास्थ्य सेवाको हकलाई कार्यान्वयनमा लैजाने गरी एक पालिका एक आधारभूत अस्पताल हुनु पर्ने नेपाल सरकारको नीति अनुरुप वडा नं. ४ मा १५ शैय्याको आधारभूत अस्पतालमा २४ घण्टे इमर्जेन्सी सेवा बर्थिङ्ग सेवा र विशेषज्ञ चिकित्सा सेवा सहितको उपचार सेवा विस्तार गर्न अस्पताल व्यवस्थापन तथा सञ्चालन समितिद्वारा सञ्चालन गर्ने गरी आवश्यक बजेट व्यवस्था मिलाइको छ । प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, गाँउपालिकाको साझेदारीमा संचालित अपांगता रोकथाम तथा पुर्नस्थापना कार्यक्रमलाई निरन्तरता दिने गरी वजेट विनियोजन गरेको छु । शैक्षिक व्यवस्था सुधारका लागि वजेट नपुग भइ अधुरो रहेका विद्यालय भवनहरुको निर्माण कार्य सम्पन्न गर्न बजेट व्यवस्था मिलाएको छु । लैंगिक समानता तथा समाजिक समावेशीकरण तर्फ हरिनगर गाउँपालिकालाई बाल मैत्री गाउँपालिका घोषणा गर्न बाल मैत्री स्थानीय शाषन कार्यक्रम सञ्चालन, लक्षित वर्ग क्षमता विकास कार्यक्रम, युवाहरुलाई सीप तथा क्षमता विकास तालिम, स्वास्थ्य बीमा कार्यक्रम संचालन, गा.पा. भित्रका समसानघाट, इदगाह, कब्रिस्तान तथा मठमन्दिरहरुको पुर्वाधार निर्माण, उच्च शिक्षामा महिलाहरुको सहज पहुँचका लागि हरिनगरा वहुमुखी क्याम्पसमा अध्ययन गर्ने हरिनगर गा.पा. मा स्थायी बसोबास गर्ने सबै छात्राहरुलाई नि:शुल्क अध्ययनका लागि छात्रवृत्री तथा कृषि प्राविधिक शिक्षा अध्ययनको लागि छात्रवृत्ती उपलव्ध गराउने व्यवस्थालाई निरन्तरता दिएको छु, साथै यी कार्यक्रमहरु सञ्चालनका लागि सामाजिक विकासको क्षेत्रका लागी गाउँपालिकाबाट ३ करोड ४९ लाख ७५ हजार विनियोजन गरेको छु । त्यसै गरी प्रदेश सरकारबाट १० लाख र संघीय सरकारबाट विद्यालय संचालन, शिक्षक कर्मचारीको तलब भत्ता, स्वास्थ्यकर्मीको तलब भत्ता लगायत सशर्त अनुदानका कार्यक्रमका लागी २३ करोड ७४ लाख बजेट विनियोजन भएको छ । भने सामाजिक विकासको क्षेत्रमा संघ प्रदेश र गाउँपालिकाको कुल बजेट २७ करोड ३३ लाख ७५ हजार विनियोजन भएको छ ।

५१. यसैगरी पूर्वाधार विकास तर्फ विगतमा सञ्चालित गाँउपालिका स्तरीय गौरवका बहुवर्षिय निर्माणाधीन सडकहरुलाई निरन्तरता दिने गरी वजेट व्यवस्थापन गरेको छु । यस अन्तर्गत घुस्की देवानगन्ज सडक कालोपत्रे, हरिनगरा गौतमपुर नँया हाट सडक कालोपत्रे, देवानगन्ज सडक सिकारी टोल कब्रिस्तान सडक कालोपत्रे, वडा नं. ३ गौतमपुर कपिलदेव मेहताको घर देखि पन्चदेव मेहताको जग्गा सम्म नाला निर्माण कार्य, घुस्की बजार एरियामा नाला निर्माण कार्य, घुस्की बजार हनुमान मन्दिर देखि कब्रिस्तान जाने सडक, साविक बसन्तपुर ५ खट्टर यादवको घर पूर्व र दक्षिण हुँदै पूर्व कटान सम्मको बाटोमा माटो पुरी ग्राबेल गर्ने कार्य, हरिनगर-२ साविक रामनगर भुटाहा -३ साह टोलको सडक स्तरोन्नति तथा नाला निर्माण कार्य, बसन्तपुर सामुदायिक स्वास्थ्य इकाई देखी बंगाली टोल हुँदै भुटाह बस्मतिया जोड्ने सडक, अताबुलको घर देखी पूर्व संग्राही टोल हुँदै घुस्की देवानगंज मुल सडक जोड्ने सडक कालोपत्रे, साविक हरिनगार ७ शिवहरि श्रेष्ठको घर देखी पश्चिम मोरिया खोला देखि पुर्व दक्षिण मेहता टोल हुँदै कृषि सेवा केन्द्र सम्मको सडक कालोपत्रे

निर्माण लगायतको पुर्वाधार योजनाका लागि समेत आवश्यक वजेट विनियोजन गरेको छु । यस बाहेक इदगाह, कब्रिस्तान तथा समसानघाटहरु अतिक्रमण हुन नदिने गरी घेराबेरा तथा संरक्षण गर्न र मठमन्दिर लगायतका देवस्थलहरु समेतको निर्माणका लागि बजेट विनियोजन गरेको छु । साथै नयाँ योजनाको रुपमा प्रदेश सरकारको समपुरक अनुदान अन्तर्गत हरिनगर १ हुलाकी सडक देखी पश्चिम कृष्णलाल बहरदारको घर घोघर बहरदारको घर हुँदै हुलाकी जोडने बाटो कालोपत्रे कार्यको लागी समेत बजेट बिनियोजन गरिएको छ । ७ वटै वडाबाट वडास्तरको विभिन्न साना सडक स्तरोन्न्ति गर्ने कार्य लगायत पुर्वाधार निर्माणका लागि वडा तर्फ २ करोड २९ लाख १८ हजार र गाँउपालिका तर्फ ९ करोड ३६ लाख ८५ हजार २ सय २९ रुपैया गरी कुल जम्मा ११ करोड ६६ लाख ३ हजार २ सय २९ रुपैंया गाउँपालिकाबाट वजेट विनियोजन गरेको छु । प्रदेश सरकारबाट सशर्त र समपुरक अनुदान गरी पुर्वाधार तर्फ १ करोड ५३ लाख संघीय सरकार सशर्त र समपुरक गरी १ करोड २८ लाख विनियोजन भएको छ भने संघ प्रदेश र गाउँपालिकाबाट विनियोजन भएको पुर्वाधार तर्फको कुल बजेट १२ करोड १७ लाख ८५ हजार २ सय २९ रुपैंया हुन आउँछ ।

**५२.** वन, वातावरण तथा विपद व्यवस्थापन क्षेत्र तर्फ बजारहरुको सरसफाइ व्यवस्थापन, सचेतामुलक कार्यक्रमहरु सञ्चालन, वातावरण संरक्षण, जलवायु परिवर्तन सम्बन्धी कार्यक्रम, विपद् ब्यबस्थापन कोष, फोहोरमैला तथा ढल ब्यबस्थापन समेतका लागि बजेट व्यवस्था मिलाएको छु । विपद व्यवस्थापन तर्फ स्थानीय विपद तथा जलवायू उत्थानशील योजना तयारी, विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण, खोज तथा उद्धारका लागि प्रयोग गरिने सामाग्री खरिद तथा व्यवस्थापन, शितलहर सम्वन्धी प्रकोप व्यवस्थापनका लागि दाउरा वितरण तथा न्यानो कपडा वितरण, बाढी पिडित, नदी कटान रोकथाम र विपद सम्वन्धी सूचना व्यवस्थापन तथा विभिन्न सामाजिक संघसंस्था तथा सरोकारवाला निकायहरुसँग सहकार्य गरिने छ । यसका लागि ५५ लाख विनियोजन गरेको छु ।

**५३.** सुशासन तथा संस्थागत विकास तर्फ कार्यालय सञ्चालन तथा क्षमता विकास, सूचना प्रविधि व्यवस्थापन, इ-हाजिरी व्यवस्थापन, कर्मचारीहरुको क्षमता अभिवृद्धि तालिम, सेवा प्रवेश तालिम तथा सेवाकालीन तालिम, पुनर्ताजगी तालिमको व्यवस्था गर्ने गरी बजेट विनियोजन गरेको छु । उत्कृष्ट राष्ट्रसेवक प्रोत्साहन पुरुस्कार, कार्यालयको खरिद प्रक्रिया तथा अभिलेख व्यवस्थापन, अनलाइन पध्दतिमा आधारित लेखापालन तथा नियमन सम्वन्धी व्यवस्था, आन्तरिक नियन्त्रण प्रणाली सुदृढीकरण, कर्मचारीहरुको तलब भत्ता लगायतको सेवा सुविधा, वडा तथा विषयगत शाखा, स्वास्थ्य संस्था तथा गाउँ कार्यपालिकाको कार्यालयको नियमित संचालन तथा व्यवस्थापनको लागी समेत बजेट व्यवस्था गरेको छु । यसैगरी स्थानीय सरकारका लागि आवश्यक नीति तथा कानून निर्माण, संगठन तथा व्यवस्थापन सर्भेक्षण, सडक गुरुयोजना तयारी, गाउँपालिकाको पार्श्वचित्र अध्यावधिक, सुशासन व्यवस्थापनका लागि सामाजिक परीक्षण, लैङ्गिक उत्तरदायी बजेट परीक्षण, नियमित सार्वजनिक सुनुवाई, राजस्व सुधार, सहकारी तथा वित्तीय व्यवस्था सुधार समेतका लागि वजेट व्यवस्था मिलाएको छु । यसका लागि १० करोड १ लाख ६८ हजार विनियोजन गरेको छु ।

सभाध्यक्ष ज्यू ,

अव म गत आ.व. २०८१/०८२ को यथार्थ आय व्यय, चालु आ.व. २०८२/०८३ को संशोधित अनुमान र आ.व. २०८३ जेष्ठ मसान्त सम्मको यथार्थ आय व्ययको अवस्था तथा आगामी आ.व. २०८३/०८४ को अनुमानित आय व्ययको विवरण पेश गर्ने अनुमति चाहन्छु ।

**५४.** गत आ.व. २०८१/०८२ मा आय तर्फ संघीय सरकार वित्तिय समानिकरण अनुदान १२ करोड ६७ लाख, संघीय सशर्त अनुदान २३ करोड ९० लाख ५५ हजार, संघीय समपुरक १ करोड १० लाख, संघीय राजस्व बाँडफाडबाट १० करोड ६४ लाख, प्रदेश समानिकरण अनुदान ७९ लाख ४८ हजार, प्रदेश राजस्व बाँडफाड सवारीसाधन कर ४४ लाख ८८ हजार, घर जग्गा रजिष्ट्रेशन ८० लाख, प्रदेश सशर्त अनुदान ९७ लाख ८३ हजार, प्रदेश समपुरक अनुदान १ करोड र आन्तरिक आय तर्फ अ.ल्या. रकम सहित २ करोड ४५ लाख ४६ हजार ८ सय ९७ रुपैया सहित कुल ५४ करोड ७९ लाख २० हजार ९ सय १७ रुपैया आय प्रस्ताव गरिएकोमा जम्मा ४९ करोड ५ लाख २१ हजार १ सय ८० रुपैया बास्तविक आय प्राप्त भएको र व्यय तर्फ चालु ३८ करोड ८ लाख ९३ हजार २ सय ५६ रुपैंया र पूँजिगत तर्फ १६ करोड ७० लाख २७ हजार ६ सय ४१ रुयैया गरी कुल व्यय ५४ करोड ७९ लाख २० हजार ८ सय ९७ रुपैंया व्यय प्रस्ताव गरीएकोमा चालु तर्फ ३२ करोड ४३ लाख ३९ हजार ८० रुपैंया र पँजीगत तर्फ १२ करोड ८५ लाख ७२ हजार ३ सय २२ रुपैंया गरी कुल जम्मा ४५ करोड २९ लाख ११ हजार ४ सय २ रुपैंया वास्तविक खर्च भई बाँकी रकम रु. ३ करोड ८४ लाख ३२ हजार ५ सय ७७ रुपैया गाँउपालिकाको चालु पुँजिगत र यस अन्तर्गतका अन्य सम्पूर्ण कोषहरुको समेत अ.ल्या. आम्दानी सारिएको व्यहोरा अनुरोध छ। आ.व. २०८१।०८२ को जम्मा खर्च ८२.६५ प्रतिशत भएको व्यहोरा समेत अनुरोध गर्दछु।

**५५.** चालु आ.व. २०८२।०८३ का लागि आय तर्फ संघीय सरकार वित्तिय समानिकरण १२ करोड २४ लाख, सशर्त अनुदान २८ करोड ५ लाख, समपुरक अनुदान २ करोड २० लाख, विशेष अनुदान १ करोड १२ लाख, राजश्व बाँडफाँड तर्फ १० करोड ९२ लाख ४० हजार ९ सय १५, प्रदेश सरकार वित्तिय समानिकरण अनुदान १ करोड १६ लाख १६ हजार, सशर्त अनुदान १ करोड ६ लाख ५ हजार, राजश्व बाँडफाड तर्फ ७७ लाख ४५ हजार, समपुरक अनुदान ९४ लाख, घर जग्गा रजिष्ट्रेशन ४९ लाख ३९ हजार ३ सय ३५ र गा.पा. को आन्तरिक श्रोत तर्फ अ.ल्या. सहित ६ करोड १३ लाख ३६ हजार सहित कुल जम्मा ६५ करोड १० लाख ८२ हजार २ सय ५० आय प्रस्ताव गरिएकोमा २०८३ साल जेठ मसान्त सम्ममा ५१ करोड ४० हजार ६२ रुपैया वास्तविक आय प्राप्त भएको छ भने खर्च तर्फ चालु खर्चमा ४० करोड ४४ लाख ३७ हजार खर्च प्रस्ताव गरीएकोमा हालसम्मको वास्तविक खर्च २६ करोड ३४ लाख ६१ हजार ६ सय ५४ भएको र पुँजिगत तर्फ २४ करोड ६६ लाख ४५ हजार २ सय ५० खर्च प्रस्ताव गरिएकोमा हालसम्मको खर्च १० करोड ८ लाख २ हजार ४ सय ९४ रुपैया खर्च भएको छ। चालु आ.व. मा हाल सम्मको कुल खर्च ५५.९४ प्रतिशत भएको छ।

**५६.** आगामी आ.व. २०८३।०८४ का लागि आय तर्फ संघीय सरकार वित्तिय समानिकरण अनुदान १२ करोड ४४ लाख, सशर्त अनुदान २५ करोड १३ लाख, समपुरक अनुदान ७० लाख, विशेष अनुदान १ करोड ५० लाख, राजश्व बाँडफाँड तर्फ ११ करोड ३४ लाख १० हजार, प्रदेश सरकार वित्तिय समानिकरण अनुदान १ करोड १६ लाख २८ हजार, सशर्त अनुदान ३ करोड ८६ लाख ७० हजार, समपुरक अनुदान ९८ लाख, राजश्व बाँडफाड तर्फ सवारी साधन कर ८७ लाख ४० हजार २ सय २९, घर जग्गा रजिष्ट्रेशन ७० लाख, र गा.पा. को आन्तरिक श्रोत तर्फ १ करोड १२ लाख ७० हजार सहित जम्मा ५९ करोड ७९ लाख १८ हजार २ सय २९ आय प्रस्ताव गरीएको छ भने व्यय तर्फ चालु खर्च ३७ करोड १३ लाख ७ हजार २ सय २० र पूँजीगत खर्च २२ करोड ६६ लाख ११ हजार ८ रुपैंया गरी जम्मा ५९ करोड ७९ लाख १८ हजार २ सय २९ व्यय प्रस्ताव गरेको छु।

सम्मानीत अध्यक्ष ज्यू,

गाउँपालिकाले आगामी आ.व.२०८३/०८४ को लागि प्रस्ताव गरेको कर, सेवा-शुल्क तथा दस्तुरको दर रेट समेटिएको आर्थिक विधेयक, २०८३, व्ययको क्षेत्रगत, विस्तृत विवरण समेटिएको विनियोजन विधेयक, २०८३ र बजेटको पूर्ण विवरण सहितको वार्षिक गाउँ विकास योजना यसै साथ अनुसूचीमा समावेश गरी छलफलका लागि

सम्मानित सभामा टेबल गरेको छु । आगामी आ.व. २०८३/०८४ का लागि तयार गरिएको नीति, कार्यक्रम र बजेट उपर यस सम्मानित सभामा सघन रुपमा छलफल भई निर्धारित समय सीमा भित्र सभाको स्विकृती प्राप्त हुनेछ भन्ने मैले विश्वास लिएको छु ।

अन्त्यमा,

वार्षिक नीति, कार्यक्रम र बजेट तर्जूमामा अभिभावकत्व प्रदान गर्नु हुने अध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिका सबै सदस्यज्यूहरु, वजेट तर्जुमा समितिका सदस्यज्यूहरु, स्थानीय राजश्व परामर्श समितिका सदस्यज्यू, विभिन्न विषयगत समितिका सदस्यज्यूहरु, यो बजेट निर्माणमा प्रत्यक्ष वा परोक्ष रुपमा संलग्न रही सहयोग पुर्याउनु हुने सात वटै वडाका वडा अध्यक्ष ज्यूहरु, गाउँ कार्यपालिकाका सदस्य ज्यूहरु, वडासदस्य ज्यूहरु र गाउँपालिकाको संरचना अन्तर्गत रहनु भएका सम्पूर्ण कर्मचारी मित्रहरुलाई धन्यवाद दिन चाहन्छु । गाउँपालिकाले लिएको लक्ष्य हासिल गर्न स्वीकृत कार्यक्रम तथा वजेट समयमै संचालन तथा सम्पन्न गरी प्रतिफल प्राप्तिका लागि यहाँहरु सहित सम्पूर्ण गाउँपालिकावासीहरुको सक्रिय सहभागिता र सहयोग रहनेछ भन्ने पूर्ण विश्वास राख्दै वार्षिक नीति, कार्यक्रम र बजेट प्रस्तुति सहित आफ्नो भनाईहरु अन्त्य गर्दछु ।

धन्यवाद ।

..............................

रिमझिम कुमारी भगत

उपाध्यक्ष

हरिनगर गाउँपालिका

२०८३/०३/०९ गते मंगलवार